**जाडो मौसममा चीसोबाट बचौं**
> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर २६ गते बुधवार // मृत भस्म नबन्दैमा भिक्ल्को भैकन बल्नुछ // 2024 December 11 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०३

## लामिछानेको बयान सकियो, वीरगंजबाट भोलि पठाउने

प्रस, वीरगंज, २५ मङ्सिर/

सहकारीको रकम ठगी मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं बताए । आजको लामिछानेले आफूमाथि लगाइएको सहकारी ठगीको विषयमा सोधिएका सबै प्रश्नको इन्कारी बयान आरोप लगाए । उनले अध्यक्ष लामिछानेविरुद्ध राज्यसत्ता लागिपरेको र यो षडयन्त्रको रास्वपाले भण्डाफोर



रास्वपाका कार्यकर्ताहरू नाराबाजी गर्दै । तस्वीरः प्रतीक

पूर्वगृहमन्त्री रवि लामिछानेसँग मङ्गलवार जिल्ला न्यायाधिवक्ताको कार्यालयमा बयान लिने कार्य सम्पन्न भएको छ ।

हिजो वीरगंज ल्याइएका लामिछानेलाई मङ्गलवार बिहान सवा नौ बजे जिल्ला न्यायाधिवक्ताको कार्यालयमा पेश गरिएको थियो ।

जिल्ला न्यायाधिवक्ता भोलानाथ निरौलाले बिहान सवा नौ बजेदेखि डेढ बजेसम्म लामिछानेसँग मौखिक छलफल गरिएको र अपराह्न ४ बजेसम्म लिखित बयान गराइएको बताए । उनले हिजो सोमवार यही विषयको मुद्दामा छविलाल जोशी र रामबहादुर खनालसँग बयान लिएको बताए । तीनैजनासँग हिजो र आज गरी दुई दिनमा बयान सकिएको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक किशोर लम्सालले आज बयान सकिएको र भोलि लामिछानेलाई पर्साबाट पठाइने दिएका थिए ।

यही मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालय, पर्साले पर्सा जिल्ला अदालतबाट लामिछानेलाई बयानका लागि पक्राउ पुर्जी जारी गर्न माग गरेको थियो र अदालतले आदेश जारी गरेपछि उनलाई हिजो वीरगंज ल्याइएको हो । पोखराबाट सोमवार हवाईमार्गबाट काठमाडौं र त्यहाँबाट पनि हवाईमार्गबाटै सिमरा ल्याएर जिप्रकामा राखिएको थियो र हिजैदेखि सिमरा विमानस्थल र वीरगंजमा लामिछाने अध्यक्ष रहेका रास्वपाका कार्यकर्ता, समर्थकहरूले प्रदर्शन गर्दै आएका छन् । आज वीरगंजमा रास्वपाका कार्यकर्ताहरूले लामिछानेको रिहाइ माग गर्दै नगरमा प्रदर्शन गरे । प्रदर्शनपछि जिल्ला प्रहरी कार्यालय, पर्साको प्रवेशद्वार मुख्य सडकमा गरिएको कोणसभामा रास्वपाका सांसद हरि ढकालले सत्तासीन पार्टीका नेताहरूको इशारामा फसाउने षडयन्त्र रचिएको गरेर छाड्ने चेतावनी दिए ।

यता लामिछानेलाई बिहान बयानका लागि जिल्ला न्यायाधिवक्ताको कार्यालय लगिएदेखि बयान सकेर नल्याउन्जेलसम्म प्रहरीले पावरहाउस चोकदेखि पर्सा जिल्ला अदालत जाने सडक बन्द गरेको थियो । अदालतको अगाडिबाट दक्षिणतर्फ निस्कने गरी सवारीसाधनहरूलाई पठाइएको थियो । अदालती कामका लागि आएका व्यक्तिहरूलाई तारिख पर्चा, रिट, निवेदनलगायतका प्रमाणहरूका आधारमा बन्द गरिएको बाटोबाट पैदल जान दिइएको थियो ।

वीरगंज महानगरपालिका-१० आदर्शनगरस्थित सानोपाइला बचत तथा ऋण सहकारी संस्थाबाट ग्यालेक्सी टेलिभिजनको नाममा ऋण प्रवाह भएको र सो टेलिभिजनसँग आबद्ध लामिछानेविरुद्ध पक्राउ पुर्जी जारी भएपछि हिजो उनलाई कास्कीबाट बयानका लागि वीरगंज ल्याइएको थियो ।

## इँटा उद्योगलाई माघमा चिम्नी बाल्न घरेलुको निर्देशन

## अन्तरिम आदेश माग गर्दै सुपर इँटा उच्च अदालतमा

प्रस, परवानीपुर, २५ मङ्सिर/

घरेलु तथा साना उद्योग, पर्साले यहाँका सबै इँटा उद्योगलाई पुस मसान्तपछि माघमा मात्रै चिम्नी फायरिङ गर्न निर्देशन दिएको छ ।

मङ्सिर २० गते लिखित परिपत्र जारी गर्दै घरेलुले माथिल्लो निकायको परिपत्र कार्यार्थ कार्यान्वयनको लागि निर्देशन दिएको हो । पुसमा हुस्सु लाग्ने भएकोले चिम्नी बाल्दा प्रदूषण बढ्ने र इँटा उद्योगका कामदारलाई स्वास्थ्यमा नकारात्मक असर पर्ने भएकोले प्रदूषण न्यूनीकरण गर्ने उद्देश्यले परम्परागत इँटा उद्योग अब उपरान्त नयाँ दर्ता नगर्ने, दर्ता भई सञ्चालनमा रहेका उद्योग पुस मसान्तपछि मात्रै फायरिङ गर्न २०८१ कात्तिक ३० गते उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको अध्यक्षतामा बसेको बैठकले निर्णय गरेको एवं यही मङ्सिर १८ गते मधेस प्रदेश सरकार मातहतको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले सङ्घीय उद्योग मन्त्रालयको आदेशलाई पालना गराउन घरेलु तथा साना उद्योग वीरगंजलाई परिपत्र गरकोले यस्तो निर्देशनसहितको परिपत्र इँटा उद्योगलाई जारी गरेको हो ।

मधेस प्रदेशका पर्सा, बारा, रौतहटका केही इँटा उद्योगले मङ्सिरमैं चिम्नी बालेकाले त्यसलाई रोक लगाउन साना तथा घरेलु उद्योग आग्रसर भएको हो । पर्साको बहुदरमाई नगरपालिका-७ बागेश्वरी चैनपुरस्थित सुपर इँटा उद्योगलाई मङ्सिर २० गते नै परिपत्र गरेपछि अहिले उद्योगमा पाँच दिन इँटा पोल्ने काम बन्द भएको थियो । बारा, पर्सा इँटा उद्योग व्यवसायी सङ्घका अध्यक्ष ओमप्रकाश यादवका अनुसार सरकारी निर्देशनविपरीत इँटा पोल्ने काम शुरू गर्नु ठीक नभएको बताए । उनले सरकारी निर्देशनलाई पालना गर्न सबै



सुपर इँटा उद्योगका सञ्चालक दीपेन्द्रप्रसाद यादव । तस्वीरः प्रतीक

इँटा उद्योगलाई अनुरोध गरे । त्यसैगरी, बाराको महागढीमाई नपा-४ दहिआरका महन्त जैसवाल सञ्चालक रहेको जगदम्बा इँटा उद्योगलाई इँटा उद्योगमा इँटा पोल्ने काम बन्द गर्न जिल्ला प्रशासन कार्यालय, बाराले निर्देशन दिएको सङ्घका अध्यक्ष यादवले जानकारी गराए । साथै बाराका जयलाल साह कलवार सञ्चालक रहेको बारागढी-२ बिसुनपुर्वाको नेपाल इँटा उद्योग, रवीन्द्र साह तेली सञ्चालक रहेको बारागढी-५ पाथराको सूर्य इँटा उद्योगले पनि फाइरिङ गरिसकेकाले फायरिङ बन्द गर्न दुई दिनको अल्टिमेटम प्रशासनले दिएको बारा, पर्सा इँटा व्यवसायी सङ्घले जनाएको छ ।

**सुपर इँटा उद्योग गयो उच्च अदालत**

घरेलु तथा साना उद्योगले दिएको निर्देशनविरुद्ध पर्साको सुपर इँटा उद्योग उच्च अदालत गएको बुझिएको छ । उद्योगका सञ्चालक दीपेन्द्रप्रसाद यादवले उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा उनले अन्तरिम आदेश माग गर्दै उत्प्रेषण प्रतिषेध आज रिट दर्ता गराएका हुन् । सरकारी निर्देशन, कानूनविपरीत नभएको भन्दै इँटा उद्योगले सरकारी निर्देशनको विरुद्धमा घरेलु तथा साना उद्योगसमेत सातजनालाई विपक्षी बनाइ रिट दर्ता गरेकोमा न्यायाधीश नीलम पौडेलेको एकल इजलासले पुस ३ गतेको सुनवाइ आदेश दिएको छ ।

## सवारी दुर्घटनामा आठजनाको मृत्यु



प्रस, वीरगंज, २५ मङ्सिर/

रौतहटमा सवारी दुर्घटनामा परेर सातजना महिला र एकजना चालक गरी आठजनाको ज्यान गएको छ भने पाँचजना घाइते भएका छन् ।

इलाका प्रहरी चन्द्रपुरका प्रहरी नायब उपरीक्षक राजकुमार राईले पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको लमहा जङ्गलमा गएराति साढे १२ बजे बाराको बरियारपुरस्थित पञ्चवर्षीय गढीमाई मेलाको दर्शन गरेर फर्किने क्रममा बा.१६च ३१६२ नम्बरको स्कार्पियो गाडी दुर्घटना हुँदा गाडीमा सवार आठजनाको घटनास्थलमैं मृत्यु भएको उनले बताए ।

सो दुर्घटनामा परेर सिराहाको अर्नामा गाउँपालिका-३ बस्ने ६० वर्षीया लरुवदीदेवी महरा, ३० वर्षीया उर्मिलादेवी महरा, ५० वर्षीया रामकुमारीदेवी महरा, ५५ वर्षीया महँगीदेवी महरा, ६२ वर्षीया फूलवन्तीदेवी चमार, ६० वर्षीया रामकुमारीदेवी महरा, ३० वर्षीया शकुन्तलादेवी महरा र सोही गापा-५ बलुवाटोलका स्कार्पियो चालक वर्ष ४० को शिवकुमार यादवको मृत्यु भएको इप्रका, चन्द्रपुरले जनाएको छ ।

प्रनि राईले रातिको समयमा तीव्र गतिमा रहेको स्कोर्पियो सडकखण्डबाट तल जङ्गलमा रहेको एउटा रूखमा ठोक्किएको थियो । सोमा सवार पाँचजनालाई वीरगंजमा उपचारको लागि पठाएको प्रहरीले जनाएको छ ।

## गढीमाई मेलामा होटल व्यवसायी मालामाल

प्रस, परवानीपुर, २५ मङ्सिर/

बाराको पञ्चवर्षीय गढीमाई मेलामा यसपटक होटल व्यवसायी मालामाल




भएका छन् । एउटा पसलले करीब एक सातामा न्यूनतम डेढ लाखदेखि अधिकतम १० लाखसम्म मुनाफा गर्ने अनुमान गरिएको छ । एउटा सानो होटलले दैनिक रु ८० हजारदेखि डेढ लाखसम्मको बिक्री गरेको छ । मङ्सिर २० गतेदेखि मेलामा दर्शनार्थीहरूको भीड बढेको छ । मङ्सिर मसान्तसम्म होटल व्यवसाय चल्ने जनाइएको छ । गढीमाई मेलामा खानाको होटल सञ्चालन गर्ने पर्सा जिल्ला जानकी टोलाका सन्तोष पटेलका अनुसार आफ्नो होटलले करीब एक सातामा रु डेढ लाख मुनाफा गरेको बताए । ठूलठूला होटलहरूले एक साताभित्र पाँच लाखदेखि १० लाखसम्म मुनाफा गर्ने उनले दाबी गरे ।

गढीमाई मेलामा नास्ता र खानाको गरी साना/ठूला गरी झन्डै ५० वटा होटल सञ्चालन रहेका छन् । साना होटलले न्यूनतम रु दुई लाख र ठूला होटलले रु १० लाखसम्म लगानी गरी मेलामा अस्थायी व्यापार गर्न सफल भएको मेला समितिले जनाएको छ ।

पञ्चवर्षीय मेला भएकोले नेपाली र भारतीय व्यवसायीहरूले होटल व्यवसाय गरेका हुन् । मेलामा सादा खाना प्रतिप्लेट रु १५०, प्रतिअमलेट रु ५०, चिकेन खाजा रु २२०, चिकेन खाना रु २५०, मटन खाजा रु २८० र मटन खाना रु ३५०, माछा तारेको प्रतिथान रु ६०, दुईवटा माछासहितको खाना खान रु २५०, मदिरा पनि नियमित मूल्यभन्दा क्वाटरमा डेढ/दुई गुणासम्म थपेर बिक्री गरेको व्यवसायीहरू बताउँछन् ।

माग अत्यधिक तथा खाना र मदिराका पसल सीमित भएपछि बिक्री मूल्य बढेको हो । होटल व्यवसायमा माछामासुको होटल खूब चलेको मेला समितिले जनाएको छ । साथै मेलाको कारण गढीमाई आसपासका बजारमा समेत हरिया तरकारी, काँचो माछामासुसमेतको अभाव भएको थियो । मेलाको मुख्य अवधि अर्थात् मङ्सिर २१ देखि २५ गतेसम्म अत्यधिक माग भएकोले बरियारपुर, गंजभवानीपुर, कलैया बजारमा समेत माछामासुको अभाव सृजना हुँदा माछामासुको मूल्य आकाशिएको थियो ।

मङ्सिर २३ गतेपछि मेलाका होटल सञ्चालकहरूलाई माछामासु आपूर्ति गर्न हम्मेहम्मे परेको थियो । पसलेले कुखुराको मासु प्रतिकिलो रु छ सय, माछा प्रतिकिलो रु ५७०, खसीको मासु प्रतिकिलो रु १४ सयसम्ममा समेत स्थानीय बजारबाट खरीद गरी होटल सञ्चालन गरेको जनाएका छन् । कोही कोहीले वीरगंजबाट समेत माछामासु खरीद गरेर मेलामा आपूर्ति गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**हाम्रा विचारहरूबाट नै हाम्रो जीवन बन्छ । हाम्रो विचार सुखद हुन्छन् भने, हामी सुखी रहन्छौं । यदि हामी असफलताबारे सोच्छौं भने, अवश्य नै असफलता हात पर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# महँगो तरकारी

**नेपालमा हरियो तरकारीको मूल्यले पछिल्लो समय उपभोक्तालाई थकित बनाएको छ । विगतका वर्षमा मङ्सिर लागेपछि सस्तो हुने भनिएका फूलकोभी र बन्दाकोभीजस्ता तरकारी पनि यस वर्ष महँगा छन् । बजारमा फूलकोभीको मूल्य प्रतिकिलो रु १०० हाराहारी छ । हरियो तरकारीको महँगीले उपभोक्ताको भान्सालाई सकस पारेको छ । यसरी हरेक वर्ष महँगीको अनुपात वृद्धि हुँदै जानुमा विभिन्न कारणहरू छन् । नेपालमा बर्सेनि तरकारी उत्पादन ४५ लाख मेट्रिक टन हाराहारीमा हुन्छ । तर माग भने बढी छ । अर्थात् स्वदेशी उपभोक्ताको माग अनुसार उत्पादन देशमा हुन सकिरहेको छैन । आपूर्ति क्षमता र मागबीचको खाडलले मूल्य नियन्त्रण गर्न कठिन बनाएको हो । मुख्यतः उन्नत बीउबिजनको कमी, सिंचाइ सुविधाको अभाव र कृषि श्रमिकको विदेश पलायनले उत्पादन घटाएको छ । नेपालले वार्षिक झन्डै रु ३० अर्बको तरकारी आयात गर्छ । तर आयातीत तरकारीले स्वदेशी उत्पादन प्रतिस्थापन गर्न नसकेको र सीमित क्षेत्र तथा वर्गका लागि मात्र उपलब्ध भएकोले मूल्यवृद्धि भइरहेको छ ।**

**कृषि उपजको बजार व्यवस्थापन पनि हामीकहाँ चुस्त छैन । किसान र उपभोक्ताबीच बिचौलियाको तह अत्यधिक हुँदा उपभोक्ता मूल्यमा ठूलो अन्तर आउने गरेको छ । किसानले न्यून मूल्य पाउँदा उपभोक्ता भने अत्यधिक मूल्यमा खरीद गर्न बाध्य छ । अर्कोतर्फ देशमा शहरीकरण तीव्र गतिमा भइरहेको छ । ग्रामीण क्षेत्रबाट शहरमा बसाइँ सर्ने प्रवृत्तिले शहरी क्षेत्रमा तरकारीको माग उच्च छ, ग्रामीण क्षेत्रमा उत्पादन गर्ने जनशक्ति घटेको छ, ग्रामीण तरकारी किसानको सङ्ख्या घट्दो छ । पर्सा जिल्लाको ग्रामीण क्षेत्रमा हरियो तरकारी उत्पादन घट्नुको थप कारण यो पनि हो । पछिल्लो समय हरियो तरकारीको उपभोगबाट स्वास्थ्यमा पुग्ने फाइदाबारे जनचेतना बढेको छ, यसले पनि माग बढ्दा उत्पादन भने बढ्न नसकेपछि मूल्यवृद्धि भएको हो । केही वर्षयता जलवायु परिवर्तनको असरले तरकारी उत्पादनमा अनिश्चितता थपिएको छ । असमयमा वर्षा, खडेरी, बाढी, पहिरो र डुबानले तरकारी उत्पादनमा प्रत्यक्ष प्रभाव पारेको छ । फेरि पनि तरकारी उत्पादनको लागि नेपाल हरेकरूपले उर्वराभूमि हो । देशमा कुल उत्पादन क्षमताको पाँच प्रतिशत पनि हरियो तरकारी उत्पादन नभएको विभिन्न कृषि सर्वेक्षणले देखाइसकेका छन् । उत्पादनमा वृद्धि गर्न उन्नत प्रविधिको उपयोग, आधुनिक बीउबिजनको वितरण र सिंचाइ प्रणालीको विस्तार, यतिमात्रै गर्ने हो भने पनि अहिलेकै जमीन क्षेत्रफलमा पर्याप्त तरकारी उत्पादन सम्भव छ ।**

**तरकारी उत्पादनमा कृषक सहभागिता बढाउने हो भने उत्पादनको मूल्य उनीहरूको हातमा पुऱ्याउनुपर्छ । यसको लागि बिचौलिया कम गर्न किसानका उत्पादनहरूलाई सीधैं बजारमा पुऱ्याउने प्रणाली बनाउनु आवश्यक छ । सहकारी संस्था, किसान बजार र डिजिटल प्लेटफर्मको प्रयोग प्रभावकारी हुन सक्छ । आयात घटाउन स्वदेशी उत्पादनमा जोड दिनुपर्छ । सरकारले अनुदान र प्रोत्साहन कार्यक्रममार्फत स्थानीय किसानलाई उत्पादन बढाउन प्रेरित गर्नुपर्छ । तरकारी उत्पादनको क्षेत्र ग्रामीण क्षेत्र हो । गाउँबाट शहर बसाइँ सर्ने क्रम नियन्त्रण गर्न शिक्षा, स्वास्थ्य, सूचना, यातायातलगायतका सेवासुविधा सरकारले गाउँमा उपलब्ध गराउन जरुरी छ ।**

# बिआरआई र नेपाल

स्वतन्त्र विचार



विनोद गुप्ता

**१३८ सदस्य राष्ट्र संलग्न रहेको यो इनिसिएटिभमा नेपालको लागि बेग्लै विशेष व्यवस्था गर्ला भनेर विश्वास गर्ने आधार भेटिंदैन । किनभने न त हामी कम्युनिस्ट राष्ट्र नै हौं, न प्रजातान्त्रिक भएर खुलेर चीनको पक्षमा लाग्न सक्छौं ।**

अन्ततोगत्वा बिआरआईले घुमौरो बाटोबाट भएपनि सात वर्षपछि प्रवेश पाएको छ । फ्रेमवर्क को-अपरेशन भनिएको यो डकुमेन्टबारे प्रधानमन्त्री केपीशर्मा ओलीले नेपाल-चीनबीचको आर्थिक सहयोग बिआरआई अन्तर्गतको फ्रेमवर्क सहयोगबाट झन् बढ्ने आशा व्यक्त गर्नुभएको छ भने परराष्ट्रमन्त्री आरजु देउवाले यो कुनै नयाँ सम्झौता नभई सन् २०१७ मा हस्ताक्षर गरिएको सम्झौताकै निरन्तरता हो भन्नुभएको छ । तर देशमा भने यसबारे व्यापक बहस र विवाद शुरू भएको छ सत्तारूढ नेपाली काङ्ग्रेसभित्र पनि फरकफरक बुझाइ र खासगरी Aid Financing Modalities शब्दको प्रयोगका सम्बन्धमा सरकारी पक्ष यो ऋण होइन र अनुदान मात्रै हो भन्दैछ भने केहीले यो नेपालले आफ्नो रोजाइमा ऋण र अनुदान परियोजना अनुसार छनोट गर्न सक्ने तर्क अघि सारेकका छन् तर यसको वास्तविकता बुझ्न सर्वप्रथम त बिआरआई नै के हो भनेर बुझ्नुपर्ने हुन्छ ।

सन् २००७/८ को विश्वव्यापी मन्दीबाट जोगिन चीनले १० वटा बिल्कुलै नयाँ शहर बसाएर रोजगार दिने सोच ल्याएको हो, जसको कार्यान्वयनबाट करोडौंले रोजगार पाउनुका साथै चीनको आर्थिक वृद्धिदर बढेर घोषितरूपमा १२-१३ प्रतिशतसम्म पुगेको थियो । यही उपलब्धिलाई निरन्तरता दिन सन् २०१२-१३ मा यसलाई 'One Belt One Road Initiative' नाम दिएको हो । विकीपिडियाका अनुसार बेल्ट एन्ड रोड इनिसिएटिभ भनिएको चीनको 'वान बेल्ट वान रोड' वा सिल्क रोड भनिएको आयोजना वैश्विक पूर्वाधार विकास रणनीति हो, जसलाई चीन सरकारले २०१३ मा १५० मुलुकमा लगानी गर्ने योजना अनुसार अगाडि सारेको हो । यो परियोजना छवटा शहरी विकास पूर्वाधारलाई रेल, सडक, ऊर्जा, डिजिटल पूर्वाधार र सिल्क रोडका साथै बन्दरगाहसम्म पहुँच बनाउनु रहेको छ ।

सन् २०१५ मा यसको नाम परिवर्तन गरी 'वेल्ट एन्ड रोड इनिसिएटिभ' राखियो र २०१७ सम्म आइपुग्दा चीनले यसलाई अल्पविकसित एवं विकासशील देशहरूको लागि उन्नतिको प्लेटफर्मको रूपमा अगाडि सारेको हो । अहिलेसम्म यसमा १४८ देश सहभागी भएका छन् तर इटाली भने २०२३ मा यस परियोजनाबाट अलग भएको छ तर समग्रमा मूल्याङ्कन गर्दा बिआरआई कार्यान्वयनको १० वर्ष आइपुग्दा यसको लाभभन्दा जोखिम बढी भएको पाइन्छ । यसमा मुख्यतः लाभप्रद नहुने परियोजनामा लगानी, कोइलाचालित ऊर्जागृहहरूमा लगानी र सञ्चालन, चिनियाँ कम्पनीहरूको पहुँचबाट चिनियाँ प्रविधिमा पूर्ण निर्भरताका साथै अन्ततः चीनसँगको आर्थिक र राजनीतिक निर्भरता बढाएको पाइन्छ ।

दक्षिण एशियामा नै पाकिस्तानको आर्थिक करिडोर निर्माण कार्य पूरा नहुँदै छाड्नु र श्रीलङ्काको हम्बनटोटा बन्दरगाह घटनालाई लिन सकिन्छ । जहाँसम्म नेपालको सम्बन्ध र २०१७ मा बिआरआईको एमओयू गरिसकेपछि आजसम्म एउटा पनि परियोजना यस अन्तर्गत अगाडि बढ्न सकेको पाइँदैन । चीनले एकतर्फीरूपमा पोखरा विमानस्थल बिआरआई अन्तर्गत निर्माण भएको भनेपछि नेपालले यसको ऋणलाई अनुदानमा पारित गर्न अनुरोध गर्न थालेपछि चीनले बिआरआईको नाम लिन छाडेको छ ।

अहिले २०२४ मा गरिएको सम्झौताले पनि कुनै ठोस काम गर्न सक्ला जस्तो लाग्दैन । किनभने छनोट गरि एका १० वटा परियोजनामध्ये नौवटा एकातिर र एक्लै रेल परियोजनाको तुलना गर्दा रेल परियोजनाको आवश्यकता नेपाललाई नभएको देखिन्छ । चीनबाट भरिभराउ रेल नेपाल आए पनि नेपालबाट चीन के लिएर फर्कने र सामान थोरै लिएर फर्किनुपर्ने अवस्थामा लागत नेपालको लागि सेतो हात्ती हुने हुने भएकोले यो निरर्थक योजना पोखरा र भैरहवा विमानस्थल जस्तै शौख पूरा गर्न बनाउने हो भने पनि अनुदानमा बनाउनुपर्ने तर चिनियाँ पक्ष यसको लागि तयार हुने कुरामा संशय नै देखिन्छ ।

१३८ सदस्य राष्ट्र संलग्न रहेको यो इनिसिएटिभमा नेपालको लागि बेग्लै विशेष व्यवस्था गर्ला भनेर विश्वास गर्ने आधार भेटिंदैन । किनभने न त हामी कम्युनिस्ट राष्ट्र नै हौं, न प्रजातान्त्रिक भएर खुलेर चीनको पक्षमा लाग्न सक्छौं । नेपालले एमसिसी पास गरिसकेपछि अप्रसन्न बनेको चीन सरकारले प्रत्यक्ष र अप्रत्यक्षरूपमा एमसिसी र भारतको साथ छाडे नेपालको विकास गर्ने भनाइसमेत नेपालकै भूमिबाट सार्वजनिक गर्दै आएको हो । यस सन्दर्भमा केपी शर्मा ओली नेपालको प्रधानमन्त्री बन्नुभएपछि परम्परागतरूपमा पहिले विदेश भ्रमणको लागि निम्त्याउनुपर्ने भारतले निम्तो नै नदिएपछि चीन जाँदा समाचार बन्ने लायक केही गर्नुपर्ने बाध्यतामा रहेका प्रधानमन्त्रीले दुवै दलका प्रतिनिधिले तयार गरेको प्रतिलिपिमा चिनियाँ पक्षले हस्ताक्षर गर्न नमानेको अवस्थामा यो फ्रेमवर्कमा सचिवस्तरबाट हस्ताक्षर गराउनुभएको बुझिन्छ ।


यस फ्रेमवर्कमा परेको 'Aid Financing Modalities' सबैभन्दा विवादास्पद बन्न पुगेको छ । Webster Dictionary का अनुसार Aid भन्नाले (a) the act of helping someone र (b) help given providing comfort specifically tangible means such as money or supplies भनेको पाइन्छ । त्यसैगरी, FInancial Aid अन्तर्गत Road र Grant दुवै पर्ने उल्लेख छ । यस अर्थमा चिनियाँहरूले अङ्ग्रेजी नबुझेर यो शब्द राख्न लगाएको भन्न सकिन्न । तसर्थ हामीले अब खुलेर के स्वीकार गर्नुपऱ्यो भने बिआरआई अन्तर्गतका परियोजनाहरूबारे नेपाल र चीनले आपसी सहमतिमा ऋण र अनुदानमध्ये कुनै एकमा सम्झौता गर्ने बाटो खुला भएकै हो । नेका र यसका सभापति एवं परराष्ट्रमन्त्री र प्रधानमन्त्री समेतले जे बोले पनि यो शब्दको प्रयोग भएको हो भने यसको अर्थ यही नै लाग्छ भनेर ठोकुवा गर्नुपऱ्यो कि भने Webster को अर्थ गलत भनेर साबित गर्न सक्नुपऱ्यो ।

त्यस कारणले अब के हुन्छ त नेपालमा आउँदा दिनमा भनेर विचार गर्दा दुवै ठूला दलले बेग्लाबेग्लै चुनाव लड्ने भने पनि बढी सम्भावना गठबन्धनकै देखिएकोले फेरि काङ्ग्रेस-एमालेको सरकार बन्यो भने बिआरआई यथास्थितिमा रहने, चीनले अहिले नारायणकाजी श्रेष्ठ र झलनाथ खनाललाई एकता नभए पनि गठबन्धन बनाउन प्रधानमन्त्रीको भ्रमणकै दौरान गरेको प्रयास सफल हुने हो भने चीनको इच्छा अनुसार सम्झौता हुने तर केही गरी काङ्ग्रेसको एकल वा प्रजातान्त्रिक दलहरूसमेतको गठबन्धन सरकार बनेमा यथास्थिति कायम रहने देखिन्छ । त्यसैले भ्रमणको सार-सङ्क्षेप भारतलाई बिआरआई सम्झौता गरे भनेर देखाएर निजी तुष पूरा गर्ने मौकाबाहेक राष्ट्रले केही नपाएकोले आम जनताले यो बुझ्न जरुरी छ ।

# महिला हिंसाको 'मूल कारक' घरेलु हिंसा

टीकाराम सुनार
काठमाडौं, २५ मङ्सिर/रासस

यस वर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान आज मङ्गलवार सम्पन्न भयो । यसबीचमा सरकारी र गैरसरकारी सङ्घसंस्थाले 'हामी सबैको प्रतिबद्धता : लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता' राष्ट्रिय नाराका साथ विविध कार्यक्रम गरी यस अभियानमा ऐक्यबद्धता जनाएका छन् । यसबीचमा औपचारिक वा अनौपचारिक कार्यक्रम मात्रै होइन नेपालमा हिंसाको स्थितिबारे थुप्रै अध्ययन प्रतिवेदनसमेत प्रकाशन गरिएका छन् । त्यसमध्ये दलित महिला सङ्घ (फेडो) सँगको सहकार्यमा पङ्क्तिकारले पनि यसै अभियानलाई लक्षित गरी 'जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसासम्बन्धी अध्ययन' गरेको थियो । यो र अन्य निकायका प्रतिवेदन हेर्दा महिलामाथि हुने हिंसाको 'मूल कारक' नै परिवार रहेको थाहा हुन्छ ।




अध्ययनमा आर्थिक वर्ष २०८०/८१ र चालू आर्थिक वर्षका पछिल्ला तीन महीनामा देशभर भएका महिला तथा बालिकामाथिका हिंसाका अभिलेखको विश्लेषण गरिएको छ । यसका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग गरी तीनवटा संवैधानिक निकाय, नेपाल प्रहरी र महिला अधिकारका क्षेत्रमा क्रियाशील छवटा सङ्घसंस्थाका अभिलेख (दस्तावेज समीक्षा)को विश्लेषण गरिएको छ । यसैगरी, १० वटा सञ्चारमाध्यममा प्रकाशित ४५९ विषयवस्तुको विश्लेषण गरिएको थियो ।

**तथ्यले यस्तो भन्छ**

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा जातीय तथा लैङ्गिक आधारमा हुने हिंसाका लागि थुप्रै प्रतिबद्धता जनाएको छ । सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिहरू, मानव अधिकारको विश्वव्यापी घोषणापत्रलगायत दुई दर्जनभन्दा बढी सन्धि महासन्धिमा हस्ताक्षर गरी नेपालले सो अनुसारको दायित्व पूरा गर्ने अठोट गरेको देखिन्छ । सोही अनुसार संविधानसभामार्फत निर्मित नेपालको संविधान (२०७२)ले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तअनुरूप विभेदरहित, समृद्ध र न्यायपूर्ण समाज निर्माणको आधार तय गरेको छ ।

संविधानको प्रस्तावनामा नै 'वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' भनेर सङ्कल्प गरिएको छ । यसलाई कार्यान्वयन गर्न थुप्रै राज्य संयन्त्र क्रियाशील छन् भने त्यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि सहकार्य गरिरहेकै छन् । तथ्यले भने यी प्रयासहरू परिणाममुखी र प्रभावकारी हुन नसकेको देखाउँछन् ।

नेपाल सरकारकै अभिलेख (नेपाल प्रहरी)मा गत आर्थिक वर्ष र चालू आवका पछिल्ला दुई महीना गरी २४ हजारभन्दा बढी हिंसाका घटना भएका छन् । यसबाट ८० प्रतिशतभन्दा बढी महिला र करीब ११ प्रतिशतभन्दा बढी बालिका पीडित भएका छन् । यसभित्र पनि सबैभन्दा बढी ३३ दशमलव ६५ प्रतिशत मधेसी महिला र ३४ दशमलव ७१ प्रतिशत जनजाति बालिकाले विभिन्न प्रकारका हिंसाको सामना गर्नुपरेको देखियो । यस्तै आदिवासी जनजाति महिला २२ दशमलव ३२ प्रतिशत, क्षेत्री समुदायका महिला १६ दशमलव ५८ र बालिका १९ दशमलव ८७, मधेसी बालिका १५ दशमलव ६२, दलित महिला ११ दशमलव ५४ र बालिका १९ दशमलव ४४ तथा अन्यतर्फ ११ दशमलव ११ महिला र तीन दशमलव ८५ प्रतिशत बालिका हिंसामा परेको देखियो । यसमा घरेलु हिंसाबाट ८९ दशमलव ४७ प्रतिशत महिला पीडित भएका छन् । यस्तै, घरेलु हिंसाका कारण कर्तव्य ज्यान (हत्या/मृत्यु) भएका ८९ मध्ये महिला ६९, पुरुष १४, बालिका दुई र बालक चारजना छन् । बलात्कारका कारण दुई हजार ९२६ महिला तथा बालिका बलात्कृत भएका छन् । यसमा महिला (एक हजार ८६)भन्दा बालिका ( एक हजार ८३९) बढी छन् । यस्तै, बाल यौन दुरुपयोगमा पनि ९९ दशमलव १७ प्रतिशत बालिका (४७९) नै छन् ।

महिला तथा बालिकाहरू सबैभन्दा बढी घरेलु हिंसाबाट प्रताडित हुने गरेको सबैजसो निकायको अभिलेखमा देखियो । नेपाल प्रहरीको विवरण अनुसार हिंसा हुने क्षेत्रमा घरेलु हिंसा (८२.२३ प्रतिशत), बलात्कार (१२.१६ प्रतिशत), बलात्कारको प्रयास (२.१२ प्रतिशत), बाल यौन दुरुपयोग (दुई प्रतिशत), त्यसपछि क्रमशः घरेलु हिंसाका कारण कर्तव्य ज्यान, अपहरण

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# हुस्सुले ढाक्दै मधेस: चीसोको कहरले जनजीवन प्रभावित



**महोत्तरीमा हुस्सुः** महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका–२ स्थित दुर्गाचोकमा मङ्गलवार बिहान लागेको हुस्सु । हुस्सुले तराई–मधेसको जनजीवन प्रभावित भएको छ । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

महोत्तरी, २५ मङ्सिर/रासस

लगातार चीसो सिरेटो बहिरहेर चारैतिर बाक्लो हुस्सुले डम्म ढाकेपछि महोत्तरीसहितका मधेसका जिल्लामा जाडो निकै बढेको छ ।

मङ्सिर अन्तिम साताको प्रारम्भसँगै मौसम चिसिंदै गएपछि यहाँको जनजीवन कष्टकर बन्दै गएको छ । “ गहुँ छर्ने अन्तिम तयारी गर्नु छ, अब उखु कटानको चटारो पर्छ, हिउँदेबाली लगाउन भ्याइनभ्याइ पर्ने बेला घरबाट निस्कन सकिएको छैन,” बर्दिबास–१३ का किसान ठकाइ महतो भन्छन्, “पुस नलाग्दै बढेको चीसोले काम सबै अलपत्र छ ।”

चीसोले कठयाङ्ग्रिएर कुनै काममा हात नलाग्दा समयमा खेतीपातीका काम नसकिने चिन्ताले किसानलाई पिरोलेको छ। महोत्तरीसहितका मधेसका जिल्लामा पूर्व–पश्चिम राजमार्गभन्दा तलतिर हुस्सु र चीसोको कहर बढी छ। पुस पहिलो सातापछि बढ्ने हुस्सु केही वर्षयता मध्य मङ्सिरदेखि नै डम्म लाग्ने गरेको जलेश्वर–५ का किसान रहिमन मण्डल बताउँछन् ।

मधेस गर्मी बढी हुने ठाउँ भएपनि जाडो यति सारो पहिले नभोगिएको मण्डलको अनुभव छ । उत्तरी क्षेत्रमा बिहान १० बजेतिर हुस्सु फाट्दै गएर घाम देखिए पनि दक्षिणतर्फ मध्य र सुदूरदक्षिणी भेगमा अपराह्नसम्म दिन हो कि रात छुट्याउन नसकिने सर्वसाधारण बताउँछन् । अपराह्नपछि हुस्सु हट्दै गए पनि कतिपय दिन घामै नदेखिएर साँझ पर्ने गरेको जलेश्वर–२ की शिला यादव बताउँछिन् ।

मङ्सिरभित्रै बढेको चीसोले घरपालुवा पशुवस्तुको बिजोग बढ्दैछ । पशुवस्तुको आहाराको जोहो र चरनमा लैजान नपाइँदा समस्या भएको भङ्गाहा–४ रामनगरकी भैंसीपालक किसान हीरादेवी दाहालको भनाइ छ । धेरै बढेको चीसोले पशुवस्तु जिङ्ग्राउने र बिरामी हुने क्रम बढेको दाहालले बताइन् ।

यसैगरी, बढ्दो जाडोले व्यापार पनि चौपट भएको व्यापारीहरू बताउँछन् । अहिले मङ्सिर नसकिंदै चीसोले घर बाहिर निस्कन नदिएपछि पुस, माघ कस्तो होला भन्ने सम्झनाले नै अत्यास लाग्ने गरेको सर्वसाधारणको भनाइ छ । अहिलेको जाडोको कहरले ससाना नानी, पाका उमेरका वृद्धवृद्धा, गर्भवती र सुत्केरी महिलालाई स्वास्थ्य जोखिम बढ्दो छ ।

खासगरी श्वासप्रश्वासका बिरामीलाई यो मौसमले बढी च्याप्ने हुँदा स्याहारमा ध्यान दिनुपर्ने बर्दिबास अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सुदीप ठाकुर बताउँछन् । यो चिसिंदो मौसमले गरीब बस्ती कष्टकर अवस्थामा पुगेको छ । चीसोले जनजीवन कष्टकर बनाउन थालेपछि गरीब र दलित बस्तीमा तत्काल आगो बाल्न काठका सुकेका मुडा, खानपिनका सामग्री र न्यानो लुगाको सहयोग जुटाउने कार्यमा पहलकदमी लिन स्थानीय तहसँग सामाजिक सङ्घसंस्थाले आग्रह गरेका छन् ।

यसैगरी, जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमारलाल कर्णले जिल्लाका १५ वटै स्थानीय तह र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग चीसोबाट बर्सेनि हुँदै आएको जनधनको क्षति यसपालि हुन नदिन पूर्वसतर्कता र आवश्यक तयारीका लागि आग्रह गरेका छन् ।

**तराईमा हुस्सु र शीतलहरसँगै चीसो बढ्यो**

पूर्वी तराईका विभिन्न जिल्लामा हुस्सु र शीतलहरसँगै आज बिहानैदेखि चीसो बढेको छ । दिउँसोको समयमा विगत एक सातादेखि मधुरो घाम लाग्दै आएको छ भने अहिले बिहानैदेखि हुस्सु लागेको हो ।

पूर्वी तराईमा घाम लाग्न छाडेपछि शीतलहर शुरू हुने गर्छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार तापक्रम घट्दै जाने भएकाले चीसो थप बढ्नेछ । महाशाखाका अनुसार देशका मध्य, मध्यपश्चिम र पूर्वी तराई–मधेसका जिल्लामा हुस्सु तथा कुहिरो लाग्न थालेको छ ।

चीसोले बिहान आवतजावत गर्ने विशेषगरी विद्यार्थी, मजदूर, बालबालिका, गरीब असहाय, ज्येष्ठ नागरिक बढी प्रभावित भएका छन् । चीसोले बिहान स्थानीय घरबाहिर निस्कन सकेका छैनन् । बिहानै खुल्ने पसल र बजार पनि चीसो बढेकाले ढिलो गरी खुलिरहेका सुन्दरहरैंचा उद्योग वाणिज्य सङ्घका अध्यक्ष नारायण कार्कीले जानकारी दिए ।

उनले साँझपख पनि चीसो झनै बढ्न थालेपछि बजार चाँडै सुनसान हुन थालेको उल्लेख गरे । यहाँ न्यानो कपडाका पसल तथा सकडपेटीका पसलमा ग्राहकको भीड बढेको छ । सडकपेटीमा लुगा पाउने गरेकाले ग्राहकको भीड लाग्न थालेका छन् । कठङ्ग्याग्रिदो चीसोसँगै हुस्सु लाग्दा सवारीसाधन चलाउन पनि समस्या भएको सवारी चालक सुन्दरहरैंचाका अशोक रिजाल बताउँछन्। उनले भने, “सवारीसाधन कम गतिमा बत्ती बालेर गुड्नुपरेको छ, हुस्सुले दुर्घटनाको जोखिम हुन्छ, त्यसैले सावधानीपूर्वक सवारी चलाउने गर्छौं।”

चीसोकै कारण बिरामीसमेत बढेका छन् । चीसोसँगै दम, निमोनिया, रुघाखोकी, ज्वरोलगायत रोगका बिरामी बढेका छन् । जिल्ला अस्पतालमा बालबालिका, वृद्धवृद्धा, मुटु, मिर्गौला, फोक्सो, मधुमेह तथा अन्य दीर्घरोगी चीसोले गर्दा बढेका छन्। बाक्लो हुस्सु लागेपछि जिल्ला सदरमुकाम विराटनगर आउने हवाई उडान खराब मौसमका कारण सेवा प्रभावित हुन थालेको छ ।

# ‘राष्ट्रिय एकता सुदृढ बनाउनुपर्नेमा जोड’

चितवन, २५ मङ्सिर/रासस

पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय एकता सुदृढ बनाउनुपर्नेमा जोड दिएका छन् ।




नेकपा (माओवादी केन्द्र) भरतपुर महानगर कमिटीद्वारा मङ्गलवार आयोजित खबरदारीसभामा उनले देशको राजनीति सोचेजस्तो सहज नभएको बताए ।

विश्वराजनीतिक परिस्थिति अनुसार नेपालको राजनीतिक परिस्थिति सहज हुन नसकेको बताए ।

उनले भने, “अहिले विश्व परिस्थिति जसरी अगाडि बढ्दै छ । हाम्रो राष्ट्रिय एकता र स्वाधीनताको सुदृढीकरणमा नयाँ चुनौती देखा परेका छन् । हामी सबै सतर्क रहेर राष्ट्रिय एकतालाई सुदृढ गर्दै अघि बढ्नुपर्छ ।”

फरक प्रसङ्गमा अध्यक्ष प्रचण्डले स्थानीय तहको उपनिर्वाचनले माओवादी केन्द्रलाई पहिलो शक्ति बनाएको बताए । उनले भने, “स्थानीय तहमा भएको उपनिर्वाचनले २०८४ सालमा हुने निर्वाचनको झल्को दिएको छ। माओवादी सक्कियो भन्नेहरूलाई उपनिर्वाचन गतिलो पाठ बनेको छ ।”

महानगर कमिटीका अध्यक्ष ईश्वर सापकोटाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य घनश्याम दाहाल र निशा न्यौपानेले जनपरिचालन तथा पार्टी सुदृढीकरणका विविध पक्षबारे मन्तव्य व्यक्त गरेका थिए ।


## श्री पशुपतिनाथ आयुर्वेद भवन प्रा.लि. शिवनगर,रौतहट

### दररेट प्रकाशन सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस श्री पशुपतिनाथ आयुर्वेद भवन प्रा.लि. बाट तपसिल बमोजिमका आयुर्वेदिक औषधीहरुको थोक तथा खुद्रा मूल्य सरकारी संस्था ,गैरसरकारी संस्था, थोक थोक बिक्रेता ,खुद्रा बिक्रेता लगायत सबैमा जानकारीको लागी मिति २०८१/०८/२५ गते देखि लागु हुने गरी दररेट (मूल्य) प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क.स. | औषधीको नाम | प्याकिङ साइज | खुद्रा मूल्य | थोक मूल्य |
|---|---|---|---|---|
| १ | च्यावनप्राश स्पेशल | ५०० ग्राम | ३००।०० | १९२।०० |
| २ | कासनाश | १०० एम.एल | १४०।०० | ९०।०० |
| ३ | बालामृत | १०० एम.एल | ११०।०० | ७०।०० |
| ४ | रोमाकम्पाउण्ड तेल | ६० एम.एल | १८०।०० | ११५।०० |
| ५ | मृगमदासव | १५ एम.एल | १००।०० | ६४।०० |
| ६ | षडबिन्दु तेल | १५ एम.एल | ८०।०० | ५१।०० |
| ७ | महानारायण तेल | ६० एम.एल | १७५।०० | ११२।०० |
| ८ | दशमुल तेल | ६० एम.एल | १८०।०० | ११५।०० |
| ९ | जात्यादी तेल | ६० एम.एल | २००।०० | १२८।०० |
| १० | शुद्ध शिलाजीत | ५० ग्राम | ७५०।०० | ४८०।०० |
| ११ | पुष्यानुग चूर्ण | १०० ग्राम | २७०।०० | १७३।०० |
| १२ | पुष्यानुग चूर्ण | ५०० ग्राम | १२४५।०० | ७९७।०० |
| १३ | शीतोपलादी चूर्ण | ५० ग्राम | १२०।०० | ७७।०० |
| १४ | शीतोपलादी चूर्ण | १०० ग्राम | २१५।०० | १३८।०० |
| १५ | शीतोपलादी चूर्ण | ५०० ग्राम | १०२५।०० | ६५६।०० |
| १६ | तालशादी चूर्ण | १०० ग्राम | २५०।०० | १६०।०० |
| १७ | आंमलकी चुर्ण | १०० ग्राम | १८०।०० | ११५।०० |
| १८ | अविपतिकर चूर्ण | ५० ग्राम | ११५।०० | ७४।०० |
| १९ | अविपतिकर चूर्ण | १०० ग्राम | २१०।०० | १३४।०० |
| २० | अविपतिकर चूर्ण | ५०० ग्राम | ९५०।०० | ६०८।०० |
| २१ | हिंगवाष्टक चूण | ५० ग्राम | १४०।०० | ९०।०० |
| २२ | हिंगवाष्टक चूर्ण | १०० ग्राम | २७५।०० | १७६।०० |
| २३ | हिंगवाष्टक चूर्ण | ५०० ग्राम | १२४५।०० | ७९७।०० |
| २४ | अश्वगन्धा चूर्ण | ५० ग्राम | १७५।०० | ११२।०० |
| २५ | अश्वगन्धा चूर्ण | १०० ग्राम | ३३५।०० | २१४।०० |
| २६ | अश्वगन्धा चूर्ण | ५०० ग्राम | १४९०।०० | ९५४।०० |
| २७ | लवणभास्कर चूर्ण | १०० ग्राम | १८५।०० | ११८।०० |
| २८ | लवणभास्कर चूर्ण | ५०० ग्राम | ९२०।०० | ५८९।०० |
| २९ | महाशुदर्शन चूर्ण | ६० ग्राम | १५०।०० | ९६।०० |
| ३० | जामुन विज चूर्ण | १०० ग्राम | २३०।०० | १४७।०० |
| ३१ | ज्वानो चूर्ण | १०० ग्राम | २००।०० | १२८।०० |
| ३२ | सतावरी चूर्ण | १०० ग्राम | २५०।०० | १६०।०० |
| ३३ | सतावरी चूर्ण | २०० ग्राम | ४९५।०० | ३१७।०० |
| ३४ | गुर्जो चूर्ण | १०० ग्राम | १९५।०० | १२५।०० |
| ३५ | दशमुल काढा | १०० एम.एल | २५०।०० | १६०।०० |
| ३६ | पंचसकार चूर्ण | ६० ग्राम | १००।०० | ६४।०० |
| ३७ | पंचसकार चूर्ण | १०० ग्राम | १६०।०० | १०२।०० |
| ३८ | पंचसकार चूर्ण | ५०० ग्राम | ७७५।०० | ४९६।०० |
| ३९ | बिल्वादी चूर्ण | ५०० ग्राम | ११३०।०० | ७२३।०० |
| ४० | त्रिफला चूर्ण | ५० ग्राम | ८०।०० | ५१।०० |
| ४१ | त्रिफला चूर्ण | १०० ग्राम | १३०।०० | ८३।०० |
| ४२ | त्रिफला चूर्ण | ५०० ग्राम | ५३५।०० | ३४२।०० |
| ४३ | रोहितक्यादी चूर्ण | १०० ग्राम | ३००।०० | १९२।०० |
| ४४ | रोहितक्यादी चूर्ण | ५०० ग्राम | १२५०।०० | ८००।०० |
| ४५ | नीम्बादी चूर्ण | १०० ग्राम | २४५।०० | १५७।०० |
| ४६ | नीम्बादी चूर्ण | ५०० ग्राम | ११५०।०० | ७३६।०० |
| ४७ | योगराज गुगुल | १० ग्राम | ९५।०० | ६१।०० |
| ४८ | योगराज गुगुल | २५ ग्राम | २२०।०० | १४१।०० |
| ४९ | योगराज गुगुल | १०० ग्राम | ७५०।०० | ४८०।०० |
| ५० | योगराज गुगुल | ५०० ग्राम | ३६४५।०० | २३३३।०० |
| ५१ | महायोगराज गुगुल | १० ग्राम | २४०।०० | १५४।०० |
| ५२ | महायोगराज गुगुल | २० ग्राम | ४७०।०० | ३०१।०० |
| ५३ | महायोगराज गुगुल | १०० ग्राम | २१८०।०० | १३९५।०० |
| ५४ | कैशोर गुगुल | २५ ग्राम | २२०।०० | १४१।०० |
| ५५ | कैशोर गुगुल | १०० ग्राम | ८००।०० | ५१२।०० |
| ५६ | कैशोर गुगुल | ५०० ग्राम | ३८००।०० | २४३२।०० |
| ५७ | लाक्षा गुगुल | २० ग्राम | १९०।०० | १२२।०० |
| ५८ | कान्चनार गुगुल | १०० ग्राम | ७६०।०० | ४८६।०० |
| ५९ | गोक्षुरादी गुगुल | २० ग्राम | १७०।०० | १०९।०० |
| ६० | त्रयोदसाङ्ग गुगुल | २० ग्राम | १७०।०० | १०९।०० |
| ६१ | चन्द्रप्रभावटी | २५ ग्राम | २१०।०० | १३४।०० |
| ६२ | चन्द्रप्रभावटी | १०० ग्राम | ८००।०० | ५१२।०० |
| ६३ | रजः प्रवर्तनि वटी | २० ग्राम | २२०।०० | १४१।०० |
| ६४ | सर्पगन्धाघन वटी | २५ ग्राम | २३०।०० | १४७।०० |
| ६५ | सर्पगन्धाघन वटी | १०० ग्राम | ८५०।०० | ५४४।०० |
| ६६ | खदीरादी वटी | १० ग्राम | १००।०० | ६४।०० |
| ६७ | खदीरादी वटी | २० ग्राम | १९५।०० | १२५।०० |
| ६८ | खदीरादी वटी | १०० ग्राम | ८००।०० | ५१२।०० |
| ६९ | शंख वटी | २० ग्राम | २३०।०० | १४७।०० |
| ७० | महाशंख वटी | १० ग्राम | ११५।०० | ७४।०० |
| ७१ | महाशंख वटी | २० ग्राम | २४०।०० | १५४।०० |
| ७२ | महाशंख वटी | १०० ग्राम | ९४०।०० | ६०२।०० |
| ७३ | कनकायन वटी (अर्श) | २० ग्राम | २१०।०० | १३४।०० |
| ७४ | ब्राह्मि वटी | २० ग्राम | २४०।०० | १५४।०० |
| ७५ | आरोग्यवर्धनि वटी | २० ग्राम | २३०।०० | १४७।०० |
| ७६ | टंकन भष्म | २० ग्राम | १६०।०० | १०२।०० |
| ७७ | लौह भष्म | १० ग्राम | १२०।०० | ७७।०० |
| ७८ | अभ्रक भष्म | १० ग्राम | १४०।०० | ९०।०० |
| ७९ | मण्डुर भष्म | १० ग्राम | ९५।०० | ६१।०० |
| ८० | हरिताल गोदन्ती भष्म | १० ग्राम | १०५।०० | ६७।०० |
| ८१ | शंख भष्म | १० ग्राम | ११०।०० | ७०।०० |
| ८२ | शंख भष्म | १०० ग्राम | १०००।०० | ६४०।०० |
| ८३ | शंख भष्म | ५०० ग्राम | ४६००।०० | २९४४।०० |
| ८४ | जहर मोहरा खटाई भष्म | १० ग्राम | १००।०० | ६४।०० |
| ८५ | अर्शकुठार रस | २० ग्राम | २६५।०० | १७०।०० |
| ८६ | अर्शकुठार रस | १०० ग्राम | १२४५।०० | ७९७।०० |
| ८७ | श्वासकुठार रस | २० ग्राम | २१०।०० | १३४।०० |
| ८८ | श्वासकुठार रस | १०० ग्राम | १०५०।०० | ६७२।०० |
| ८९ | लक्ष्मिविलास रस | २० ग्राम | ४००।०० | २५६।०० |
| ९० | गन्धक रसायन | १० ग्राम | १३०।०० | ८३।०० |
| ९१ | गन्धक रसायन | १०० ग्राम | १२३५।०० | ७९०।०० |
| ९२ | शिरः शुलादी ब्रज रस | १०० ग्राम | १३००।०० | ८३२।०० |
| ९३ | श्वेत पर्पटी | १०० ग्राम | ७००।०० | ४४८।०० |
| ९४ | तारा मण्डुर | १०० ग्राम | ८००।०० | ५१२।०० |
| ९५ | प्रदरान्तक लौह | १०० ग्राम | १३००।०० | ८३२।०० |
| ९६ | गिलोय सत्व | २० ग्राम | १४०।०० | ९०।०० |
| ९७ | त्रिकटु चूर्ण | ६० ग्राम | १८०।०० | ११५।०० |

नोटःयो दररेट कम्पनीले अर्को सुचना जारी नगरुन्जेलसम्मका लागि हुने व्यहोरा जानकारी गराईछ ।

# वायु परिवर्तनको कहर : सगरमाथा क्षेत्रका महिलाको स्वास्थ्यमा सङ्कट

सुवास दर्नाल
सोलुखुम्बु, २५ मङ्सिर/रासस

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका–४ सोमारेकी ३४ वर्षीया शेर्पा थरकी एक महिलाको अनुभवले सगरमाथा क्षेत्रका महिलाहरूमा जलवायु परिवर्तनको असरलाई उजागर गरेको छ। उनको महीनावारी अनियमित भएको मात्र होइन, काठमाडौंमा उपचारपछि सामान्य भएपनि गाउँ फर्किंदा समस्या पुनः दोहोरिन थाल्यो । “यहाँको हावापानीले गर्दा यस्तो भएको हो कि भन्ने लागेको छ,” उनले बताए। प्रजननमैं आएको समस्याले केही समय आफ्नो गाउँ छोडेर काठमाडौंमा बस्न थालेको अनुभवसमेत शेर्पाले बताइन् ।



उच्च हिमाली भेगमा बसोबास गर्ने महिलाहरूमा महीनावारी अनियमित र बाँझोपनको समस्या सामान्य जस्तै हुँदै गएको छ । खुम्बु क्षेत्रकी स्वास्थ्यकर्मी डिमडोमा शेर्पाका अनुसार धेरैजसो महिला स्वास्थ्य संस्था पुग्दा प्रजननसम्बन्धी समस्या लिएर आउने गरेका छन्। कतिपय महिलाहरू आफ्नो समस्या चुपचाप सहेर बस्छन् भने केहीले मात्र जाँच गराउन आइपुग्छन् ।

महीनावारीको अवधि लम्बिने, असामान्य रगतस्राव हुने र गर्भधारणमा समस्या उत्पन्न हुने घटना बढिरहेको शेर्पाले बताइन्। “पहिले मेरो महिनावारी नियमित थियो तर अहिले महिनावारी अनियमित भइसकेको छ। यो परिवर्तन जलवायु परिवर्तनकै कारण भएको जस्तो लाग्छ,” सगरमाथा क्षेत्रकै अर्का एक शेर्पा थरकी महिलाले परिचय नखुलाउने शर्तमा भनिन् । “विगतमा यस्तो हुँदैन थियो तर पछिल्लो १५ वर्षमा यहाँको परिवर्तनले हामी महिलालाई धेरै असर गरेको छ। मेरो मात्रै होइन, मेरा धेरै साथीहरूको पनि प्रजननमा समस्या भइरहेको बताएका छन् । उनीहरूको महीनावारी समयमा नहुने, रगत धेरै बग्ने, गर्भपतन हुने जस्ता समस्या यहाँका लागि सामान्य जस्तै भइसकेको छ । पुरुषहरूलाई खासै असर नगरे पनि महिलाहरूलाई यसको असर बढी छ।” हिमाली क्षेत्रमा बेमौसमी हिमपात र अस्वाभाविक तापक्रम वृद्धिले प्रजनन स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको छ ।

महिलाहरूले समयमैं चिकित्सकीय परामर्श नपाउँदा समस्या गम्भीर हुने गरेका छन्। लबुचेका सङ्गम राई भन्छन्, “पछिल्लो केही वर्षयता चैत–वैशाखमा धेरै हिमपात हुने क्रम बढिरहेको छ। यो हिमपात पुस–माघमा हुनुपर्ने हो । अब समय त धेरै फेरियो।” हिमालमा यस्ता परिवर्तनका असरहरू देखिने क्रम बढ्दो छ । जलवायु परिवर्तनले सगरमाथा क्षेत्रका महिलाको स्वास्थ्यमा अनपेक्षित चुनौती थपेको छ । सगरमाथा क्षेत्रको खुम्बु हिमनदी छोटिंदै गएको र आधार शिविर क्रमशः गहिरिंदै गएको स्थानीय व्यवसायीहरूले बताएका छन् ।

आरोहीहरूद्वारा छोडिएका सामग्री र फोहोरका कारण तापक्रममा थप असर परिरहेको छ । पर्यटन व्यवसायी साङ्गे शेर्पा भन्छन्, “आधार शिविर वर्षैपिच्छे खाल्डोमा परिणत हुँदैछ। यो राम्रो सङ्केत होइन।” यसले स्थानीय पर्यावरण मात्र नभई महिलाहरूको जीवनशैली र स्वास्थ्यमा समेत असर पुऱ्याएको अभियन्ता प्रजिता कार्कीले बताइन् । “महिलाहरू घरदेखि बाहिरसमेत बढी केन्द्रित हुने भएकाले चुलोमा देखिएको असरदेखि हिमालको फेदमा देखिएको असरको शिकार बढी मात्रामा महिलाहरू भइरहेका छन् । यसलाई रोक्न र समाधान गर्न सबै एक हुनुको विकल्प छैन,” कार्कीले भनिन् ।

**प्रजनन् स्वास्थ्यमा जलवायु परिवर्तनको प्रभाव**

महीनावारी अनियमितताले महिलाहरूको जीवनमा ल्याउने दीर्घकालीन असरलाई नजरअन्दाज गर्न नसकिने खुम्बु क्षेत्रका स्वास्थ्यकर्मीहरूको भनाइ छ। गर्भाधानमा समस्या, बच्चा जन्माउने क्षमतामा गिरावट र मानसिक स्वास्थ्यमा प्रभाव जस्ता समस्या जलवायु परिवर्तनसँग सम्बन्धित हुने सङ्केत देखिएको छ । स्वास्थ्यकर्मी डिमडोमा शेर्पाका अनुसार जलवायु परिवर्तनका कारण उच्च हिमाली भेगमा जलवायु परिवर्तनले महिलाहरूको हार्मोन सन्तुलनमा असर गरिरहेको हुन सक्छ । यो समस्या समाधान गर्न विशेष स्वास्थ्य योजना र परामर्श सेवाको आवश्यकता छ। जलवायु परिवर्तनका कारण हार्मोन असन्तुलन र त्यसको शारीरिक तथा मानसिक प्रभावले महिलाहरूको प्रजननमा असर गरेको हुन सक्ने नेपाल चिकित्सक सङ्घका महासचिव सञ्जीव तिवारीको तर्क छ। “यहाँका महिलाहरूमा जलवायु परिवर्तनको असर भएको महसूस भयो तर यो गहिरो खोज र अध्ययनको विषय हुन सक्छ। यो सामान्य विषय भने होइन। यसलाई सामान्य सम्झँदै जाने हो भने भोलिका दिनमा यहाँका महिलाहरूमा ठूलो प्रजनन समस्या नदेखिएला भन्न सकिन्न,” उनले भनिन् ।

**स्थानीय उत्पादन र खेतीमा गिरावट**

खुम्बु क्षेत्रका खेतीयोग्य बालीमा समेत गिरावट आएको छ। खुम्जुङकी पासाङ ल्हामु शेर्पाका अनुसार गहुँ, जौ र फापरजस्ता बाली अब उब्जाउन कठिन भएको छ । “पहिले कति धेरै उवा र फापर हुन्थ्यो । अहिले बाली लगाउने बारी पनि बाँझो छोडिएको छ,” उनले भनिन्। कृषि उत्पादन घट्नुले महिलाहरूको पोषण र स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको छ। खुम्जुङ क्षेत्रमा फल्ने हिमाली खेतीहरू अहिले उत्पादन हुनै छोडेको स्थानीय बताउँछन्। यसले गर्दा बालबालिकादेखि महिलाहरूको पोषणमा असर पर्न सक्ने सम्भावना बढेको स्वास्थ्यकर्मीहरूको भनाइ छ। खेती नै हुन छोडेपछि विगतमा उवा, फापर, जौ जस्ता बालीहरू उब्जाउ हुने जग्गाहरू बाँझो पाखामा परिणत भएको स्थानीय फुरी शेर्पाले बताइन् ।

**हिमनदीहरू खस्कँदै, हिमालहरू कालापत्थरमा परिणत हुँदै**

सगरमाथा क्षेत्रका हिमनदीहरू छोटिँदै र पातलिँदै गइरहेका छन्। आरोहीहरूका लागि आधार शिविरका रूपमा परिचित क्षेत्रहरू अहिले पहिरोको जोखिममा परेका छन् । पर्यटन व्यवसायी कर्मा शेर्पा १५ वर्षदेखि सगरमाथा क्षेत्रमा पर्यटन व्यवसाय गर्दै आएका छन्। उनी भन्छन्, “पहिला आधार शिविरका हिमनदी चहकिला र सफा देखिन्थे, तर अहिले त आधार शिविर नै खाल्डो जस्तो देखिन्छ। हिउँ कम हुँदै गएर कालापत्थर देखिन थालेको छ ।” पछिल्लो एक दशकमा हिमनदीहरूको पग्लिने दर तीव्र भएको छ । स्थानीय जानकार पासाङ शेर्पाका अनुसार यस क्षेत्रको तापक्रम वृद्धि र विगतमा आरोहीहरूद्वारा छोडिएका फोहोरले ग्लेशियरको संरचनामा प्रत्यक्ष असर पारेको छ । सगरमाथा क्षेत्र जलवायु परिवर्तनको सबैभन्दा प्रत्यक्ष असर भोग्ने हिमाली क्षेत्रहरूमध्ये एक हो। बेमौसमी हिमपात, अनियमित वर्षा र अस्वाभाविक तापक्रमले यहाँको हावापानीलाई परिवर्तन गरिरहेको छ।

“पहिले पुस–माघमा हिउँ पर्थ्यो, अहिले चैत–वैशाखमा हिउँ पर्न थालेको छ । यसले पर्यावरणीय सन्तुलन खलबलिएको छ,” गोरक्सेपका व्यवसायी हीरा कुलुङले भने। यस्तो परिवर्तनले हिमालको फेददेखि शिखरसम्मको जैविक र भौतिक संरचना जोखिममा परेको उनको भनाइ छ ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)ले हालै अजरबैजानमा आयोजित कोप सम्मेलन अघि सार्वजनिक गरेको प्रतिवेदनले हिमाली क्षेत्रको हिमगलनमा तीव्रता आएको देखाएको छ। सगरमाथा आरोहीहरूले आधार शिविरमा छोडेका फोहोरले पनि यहाँको तापक्रममा असर पुऱ्याएको छ । प्लास्टिक, खाद्यान्नका प्याकेट र अन्य गैरजैविक फोहोरले हिमनदीहरूमा सूर्यको प्रकाशको प्रभाव बढाएको जानकारहरूको तर्क छ। पर्यटन व्यवसायी पासाङ शेर्पाका अनुसार आरोहीहरू यहाँ आफ्ना सामग्री छोडेर फर्किन्छन् । सधैं चाँदीझैं टलक्क टल्कने हिमालहरू काला पहाडमा परिणत हुँदैछन्, जसका कारण पनि जलवायु परिवर्तनको असरको चपेटामा सगरमाथा क्षेत्र परेको नाम्चेका लामाकाजी शेर्पाले बताए। उनले भने, “सगरमाथा नै अब कालो पहाड जस्तो देखिन थालेको छ, नाम्चेबाट देखिने हिमालहरू हेर्दा विरक्त लाग्ने भइरहेको छ। यी सबै समस्या जलवायु परिवर्तनको असरले नै देखिरहेको अभास हुन्छ।”

**जलवायु परिवर्तनको कारण र समाधान**

जलवायु परिवर्तनका कारण उच्च हिमाली भेगका महिलाहरूको स्वास्थ्यमा दीर्घकालीन असर पर्ने सम्भावना देखिएको छ। वातावरणविद् डा राजन थापाका अनुसार शक्तिराष्ट्रहरूले चलाएका उद्योगहरूले विश्वव्यापी तापक्रम वृद्धि हुँदा नेपालको हिमाली क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्दै गएको छ । युनेस्कोको प्रतिवेदन अनुसार तापक्रम वृद्धिले विश्वसम्पदा सूचीका प्राकृतिक सम्पदामा गम्भीर जोखिम थपिएको छ । यदि तापक्रम वृद्धिको नयाँ गति रोकिएन भने दुई डिग्री सेल्सियसभन्दा माथि पुग्ने सम्भावना छ, जसले सगरमाथा क्षेत्रका हिमालहरू संरक्षणमा ठूलै मूल्य चुकाउनुपर्ने थापाको भनाइ छ। हिमालहरू पग्लिएर गइरहेका छन् ।

**सामूहिक कदमको आवश्यकता**

सगरमाथा क्षेत्रको पर्यावरणीय र सामाजिक समस्याको समाधानका लागि राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सामूहिक प्रयास गर्न आवश्यक छ । जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्न शक्तिराष्ट्रहरूले आआफ्नो जिम्मेवारी वहन गर्नुपर्छ। “यदि विश्वव्यापी तापक्रम वृद्धिमा रोक लागेन भने सगरमाथाका हिमनदीहरू केही दशकमैं समाप्त हुनेछन्,” डा थापाले चेतावनी दिए । जलवायु परिवर्तनले महिलाहरूको स्वास्थ्य र जनजीवनमा परेको असरले यो क्षेत्रका चुनौतीहरूको व्यापक अध्ययन र समाधानको खाँचो देखाएको छ। हिमाली क्षेत्रका महिलाहरूको स्वास्थ्य सुरक्षाका लागि थप अनुसन्धान, स्वास्थ्य सेवा विस्तार र जलवायु परिवर्तन न्यूनीकरणमा ठोस कदम चाल्नु अपरिहार्य छ।



**विमानस्थलको हिउँ पन्छाउँदै:** हवाई सेवा सञ्चालनमा ल्याउन सिमकोट विमानस्थलको हिउँ पन्छाउँदै सुरक्षाकर्मीको टोली। हुम्लामा आइतवार रातिदेखि सोमवार दिउँसोसम्म हिमपात भएपछि विमानस्थललगायतका क्षेत्रमा हिउँ जमेको छ। तस्बिरः दाने बोहरा /रासस

## फरक समाचार

# करोडौं वर्षदेखि धर्तीमा छ माउसुली

अनुसन्धानकर्ताहरूले माउसुलीलाई लिएर एउटा अध्ययन गरेका छन् । माउसुलीको उत्पत्ति धर्तीमा करीब १७.५ करोड वर्ष पहिले भएको बताइन्छ ।



लन्दनको नेचुरल हिस्ट्री म्युजियममा राखिएको एउटा जीवाश्ममा शोध गर्दा यसको उत्पत्ति जुरासिक टाइमको बीच अर्थात् १७.४ देखि १६.३ करोड वर्ष पहिले भएको हुन सक्ने बताएका छन् । तर अब वैज्ञानिकले दाबी गरेका छन् कि यसभन्दा पनि करीब ३.५ करोड वर्ष पहिले, लेट ट्राइसिक पिरियडमा माउसुली रहेको बताइन्छ । अर्थात् माउसुली करीब २३.७ देखि २०.१ करोड वर्ष पहिले धर्तीमा पाइन्थ्यो ।

सन् १९५० मा लन्दनको म्युजियममा राखिएको जीवाश्मको अनुसन्धान भएको हो । युनिभर्सिटी अफ ब्रिस्टलका अनुसन्धानकर्ता डा डेभिड ह्वाइटसाइडका अनुसार लन्दनको म्युजियममा राखिएको यो जीवाश्म तुआतारा समूहको छेपाराको हो, जुन आधुनिक माउसुलीको नजीक मानिन्छ। एक्सरे स्क्यानिङ टेक्नोलोजीको मदतबाट वैज्ञानिकले जीवाश्मको पुनः अध्ययन गरेका छन्। उनीहरूका अनुसार यस छेपारोको बङ्गारामा तिखो दाँत थियो, जसलाई क्रिप्टोवरानोइड्स मायक्रोलेनियस नामले पनि जानिन्छ ।

उक्त जीवाश्मको अध्ययन गरेपछि वैज्ञानिकहरूले भने तुआतारा न्युजिल्यान्डमा पाइने माउसुली थियो, जुन कुनै मोटो इगुआनाजस्तो देखिन्छ । यो करीब १९ करोड वर्षदेखि पृथ्वीमा मौजुद छ । अनुसन्धानकर्ताहरूले एउटा नयाँ विलुप्त सरीसृप प्रजातिको पनि पत्ता लगाएका छन्। यस प्रजातिको नाम ओपिसथियामिमस गेग्रोरी हो, जसको अस्तित्व करीब १५ करोड वर्ष पहिले नोर्थ अमेरिकामा थियो ।

# कोठा न्यानो बनाउने सीसा

जाडोको मौसममा हिटर र ब्लोअरको प्रयोग गर्नुहुन्छ भने अब बजारमा कोठालाई न्यानो बनाउने सीसा आइसकेको छ । यस सीसाको नाम इलेक्ट्रिकली



हिटेड ग्लास हो र यो विदेशमा निकै चर्चित छ । यसलाई घरको झ्यालमा लगाइन्छ । बिजुलीको मदतबाट तातो हुने यस सीसाले घरलाई न्यानो बनाउँछ ।

यो सीसालाई खास मोटाइमा बनाइन्छ, जसले गर्दा चीसो यसभित्र पस्न सक्दैन। यस ग्लासमा एउटा लेयर हिटेड ग्लास हुन्छ। यसैले पूरै सीसालाई तातो बनाउँछ र जाडोको मौसममा कोठालाई न्यानो बनाउँछ ।

# निकै उपयोगी हुन्छ अनारको बोक्राको धूलो

अनारको साथै अनारको बोक्राबाट पनि निकै फाइदा लिन सकिन्छ। अनारको बोक्राको धूलोले घाँटी खसखसाउने, पेटको समस्या, खोकी, हाड आदिमा फाइदा



पुऱ्याउँछ । अनारको बोक्रालाई ३५० डिग्री आगोमा २० मिनेटसम्म भट्टीमा पकाउने, सुकेपछि त्यसलाई मसिनो धूलोमा पिसेर राख्नुपर्छ । अनारको धूलोबाट चिया बनाउन सकिन्छ यस्तो चियाले घाँटी खसखसाउने, खोकी र पेट तथा हाडको समस्या हुन दिंदैन ।

अनारको धूलोमा थोरै कागतीको रस मिसाएर यसको पेस्ट अनुहारमा लगाउँदा अनुहार चम्किलो हुनुको साथै डन्डीफोर, चायापोतो आदिको समस्या हराउँछ। अनारको बोक्राको धूलोमा एन्टि–इन्फ्लेमेटरी गुण हुन्छ, जुन पेटको स्वास्थ्यको लागि फाइदाजनक हुन्छ । मुखको अल्सर, गिजा सुन्निने, सासको दुर्गन्ध र अन्य दाँतको समस्या भएपछि यसको धूलो प्रयोग गर्न सकिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्काका राष्ट्रपतिको पहिलो विदेश भ्रमण भारतमा



कोलम्बो, २५ मङ्सिर/एएफपी

श्रीलङ्काका राष्ट्रपति अनुरा कुमारा दिसानायकेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग वार्ता गर्न आगामी आइतवार भारत आउने भएका छन् ।

श्रीलङ्काका सूचनामन्त्री नलिंदा जयतिसाले राष्ट्रपति दिसानायकेले तीन दिन भारतमा प्रधानमन्त्री मोदी र अन्य अधिकारीहरूसँग भेट गर्ने जानकारी दिए ।

वामपन्थी दिसानायके भ्रष्टाचारविरुद्ध लड्ने वाचामा सेप्टेम्बरमा सत्तामा आएका हुन् । गत महीना भएको संसदीय चुनावमा उनको पार्टीले ठूलो जीत हासिल गरेपछि सत्तामा आफ्नो पकड बलियो बनाए ।

नयाँ दिल्ली श्रीलङ्कामा बेइजिङको बढ्दो प्रभावको बारेमा चिन्तित छ, जसलाई उसले भूराजनीतिक प्रभावको क्षेत्रको रूपमा हेर्छ ।

दिसानायके अर्को महीना चिनियाँ नेताहरूसँग वार्ता गर्न बेइजिङ जाने अपेक्षा गरिएको सरकारले यस अघि घोषणा गरेको थियो । रासस

## श्रीलङ्का नौसेनाद्वारा २१ जना भारतीय मछुवा रिहा

कोलम्बो, २५ मङ्सिर/एएनआई

श्रीलङ्का नौसेनाद्वारा पक्राउ परेका २१ जना भारतीय मछुवाहरूलाई सफलतापूर्वक स्वदेश फिर्ता गरिएको भारतीय उच्चायोगले जनाएको छ ।

कोलम्बोमा रहेको भारतीय उच्चायोगले सोमवार सामाजिक सञ्जाल ट्वीटरमा एक पोस्ट साझा गरेको छ, "श्रीलङ्काबाट २१ भारतीय मछुवाहरूको समूह सफलतापूर्वक स्वदेश फिर्ता गरिएको छ । तिनीहरू हाल घर फर्कने क्रममा छन् ।"

यस अघि डिसेम्बर ८ मा श्रीलङ्काको नौसेनाले रामनाथपुरमको तटबाट आठ भारतीय मछुवा र दुईवटा डुङ्गा कब्जामा लिएको थियो ।

पक्राउ पर्नेमा रामानाथपुरम्का मङ्गाडु भत्रप्पन (५५), रेड्डीयुरानी, कन्नन (५२), चिन्ना रेड्डीयुरानी मुथुराज (५५), अगस्तियार कुतम काली (५०) र थङ्गाचिमाड यासिन (४६) येशू, उचिपुल्ली रामकृष्णन रहेका छन् ।

श्रीलङ्काली नौसेनाले भारतीय मछुवाको गिरफ्तारी तमिलनाडु सरकार र भाजपा नेतृत्वको केन्द्र सरकार दुवैका लागि चिन्ताको विषय बनेको छ । तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले यस विषयमा विदेशमन्त्री एस जयशङ्करलाई पटकपटक पत्र लेखेका छन् ।

मुख्यमन्त्री स्टालिनले माछा मार्नेहरूलाई हिरासतमा लिनु र उनीहरूको डुङ्गा जफतले तटीय समुदायहरूमा गम्भीर सङ्कट र अनिश्चितता सिर्जना गरेको बताएका छन् । "हाम्रा माछा मार्नेहरूलाई थुनामा राख्ने र तिनीहरूको डुङ्गा जफतले तटीय समुदायहरूमा गम्भीर पीडा र अनिश्चितता निम्त्याएको छ । मैले बारम्बार दोहोऱ्याएको छु कि कूटनीतिक तवरले यो समस्या समाधान गर्न ठोस र सक्रिय कदम चाल्नुपर्छ," उनले थपे ।

उनको पत्रको जवाफ दिँदै विदेशमन्त्री जयशङ्करले यस मुद्दामा सक्रिय कारबाही गर्ने आश्वासन दिए । कोलम्बोमा रहेको भारतीय उच्चायोग र जाफनास्थित महावाणिज्य दूतावासले हिरासतमा रहेका व्यक्तिहरूको चाँडो रिहाइका लागि ती मुद्दाहरू द्रुत र निरन्तररूपमा उठाइरहेका छन् । रासस

## मुम्बईमा चारजनाको मृत्यु, २५ जना घाइते

मुम्बई, २५ मङ्सिर/एएनआई

मुम्बईको कुर्ला पश्चिम एसजी बर्वे रोडमा सोमवार राति बसले पैदलयात्री र सवारीसाधनलाई ठक्कर दिंदा कम्तीमा चारजनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

बस अँधेरीतर्फ जाँदै गर्दा कुर्ला पश्चिममा दुर्घटना भएको थियो ।

प्रहरी उपायुक्त गणेश गावडेले पत्रकारहरूलाई भने, "कुर्लामा वेस्ट बसले नियन्त्रण गुमाएर केही सवारीलाई ठक्कर दिएको छ । २५ जना घाइते भएका छन् भने चारजनाको मृत्यु भएको छ । घाइतेहरूको अस्पतालमा उपचार भइरहेको छ । बसका चालकलाई नियन्त्रणमा लिइएको छ । अनुसन्धान चलिरहेको छ ।"

घाइतेहरूलाई कुर्लाको बिएमसीद्वारा सञ्चालित भाभा अस्पताल र सायन अस्पताललगायत नजीकका अस्पतालहरूमा लगिएको थियो ।

करीब २५ जना घाइतेलाई उपचारका लागि लगिएको भाभा अस्पतालका डा पद्मश्री अहिरेले बताए । तीमध्ये दुईजनाको मृत्यु भएको थियो भने एकजना घाइतेको उपचारका क्रममा मृत्यु भएको थियो ।

यसैबीच, शिवसेना विधायक दिलीप लाण्डेले ब्रेक फेल भएर दुर्घटना भएको बताए । बस चालकले नियन्त्रण गुमाएर ३०–३५ जनालाई ठक्कर दिंदा आत्तिएर बस चालकले एक्सेलेटर थिचेको उनले बताए ।

"कुर्ला स्टेशनबाट छुटेको बसको ब्रेक फेल भयो र चालकले बसको नियन्त्रण गुमाए । चालक डराए र ब्रेक थिच्नुको सट्टा एक्सेलेटर थिचे र बसको गति बढ्यो, चालकले बस नियन्त्रण गर्न सकेन ।"

घाइतेहरूको सायन अस्पताल, राजावाडी अस्पताल र अन्य निजी अस्पतालमा उपचार भइरहेको छ," लाण्डेले जानकारी दिए ।

### आजको राशिफल

| | |
|---|---|
| मेष — भाग्योदय | वृष — बेचैनी |
| मिथुन — मनोरञ्जन | कर्कट — कर्मप्राप्ति |
| सिंह — प्रगति | कन्या — वादविवाद |
| तुला — यात्रालाभ | वृश्चिक — कडापरिश्रम |
| धनु — सुसमाचार | मकर — उदरपीडा |
| कुम्भ — विजय | मीन — धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## जापान नवीकरणीय ऊर्जाको सबैभन्दा ठूलो स्रोत बन्ने

टोकियो, २५ मङ्सिर/सिन्ह्वा

जापान सरकारले सन् २०४० सम्ममा सौर्य र वायु जस्ता नवीकरणीय ऊर्जा स्रोतहरूलाई देशको सबैभन्दा ठूलो ऊर्जा स्रोत बनाउने लक्ष्य लिएको छ ।

योजनाले सन् २०४० सम्ममा कुल विद्युत् उत्पादनको ४० देखि ५० प्रतिशतसम्म नवीकरणीय ऊर्जाको योगदान दिने प्रस्ताव गरेको थियो, जसले थर्मल पावरलाई उछिनेर ३० देखि ४० प्रतिशतसम्म योगदान पुऱ्याउँछ ।


हाल जापानको ऊर्जा नीतिले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जाको ३६ देखि ३८ प्रतिशत हिस्सा लिने लक्ष्य राखेको छ ।

नवीकरणीय ऊर्जाले मौसम निर्भरता र उच्च लागत जस्ता चुनौतीहरूको सामना गरिरहेको बेला जापान सरकारले यसको विस्तारलाई अगाडि बढाउन प्राविधिक आविष्कारको परिकल्पना गर्छ ।

यसैबीच, आणविक ऊर्जाले विद्यमान लक्ष्य ढाँचामा आफ्नो २० प्रतिशत हिस्सा कायम राख्नेछ । यसले नवीकरणीय ऊर्जासँगै 'डेकार्बोनाइजेशन' प्रयासहरूमा प्रमुख घटकको रूपमा सेवा गर्नेछ । डेकार्बोनाइजेशन भनेको वायुमण्डलमा कार्बन डाइअक्साइड हटाउन वा घटाउन प्रयोग गरिने शब्द हो । कम कार्बन ऊर्जा स्रोतहरूको प्रयोगमा स्वीच गरेर डेकार्बोनाइजेशन हासिल गरिन्छ ।

यी लक्ष्यहरूसहितको योजनाको मस्यौदा अर्को हप्ता जारी हुने अपेक्षा गरिएको छ । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**कुर्मा चराः** बेलौरी नगरपालिका–६ स्थित पुरैनी तालमा रहेको कुर्मा चरा । रैथाने प्रजातिको यो चरा सिमसार क्षेत्रमा बस्ने गर्छ । यसलाई अङ्ग्रेजीमा पर्पल स्वाम्पहेन भनिन्छ । सिमसार क्षेत्र मासिँदै जाँदा यस चराको सङ्ख्यामा कमी आउन थालेको छ । तस्बिर : राजेन्द्रप्रसाद पनेरु/रासस

### महिला ...

गरी बलात्कार, बालविवाह, जातीय छुवाछूत, बोक्सीको आरोपलगायत छन् । बालिकाले बढी हिंसा भोग्ने क्षेत्रमा बलात्कार (६२.८५ प्रतिशत), अपहरण गरी बलात्कारका ६४ घटनामा ५६ बालिका (८७.५ प्रतिशत), बलात्कार गरी हत्यामा पाँचमा चार, मानव बेचबिखन गरी बलात्कारमा (८५ प्रतिशत), बाल यौन दुरुपयोगमा (९९ प्रतिशत) रहेका छन् ।

राष्ट्रिय मानव अधिकारमा अभिलेखन भएका कुल २६८ घटनामध्ये २९ दशमलव १०, राष्ट्रिय महिला आयोगमा ९३२ मध्ये ५२, फेडोमा २५९ घटनामध्ये ३९.७६, महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपालमा १,३९७ मध्ये ६५ र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मा अभिलेखन भएका नौ हजार १४२ घटनामध्ये ६९ दशमलव ८८ प्रतिशत घटना घरेलु हिंसा तथा महिला हिंसासँग सम्बन्धित छन् ।

दलित महिला तथा बालिकामाथि हुने हिंसाको कुरा गर्दा नेपाल प्रहरीको विवरणमा हिंसापीडित दलित महिलाको कुल सङ्ख्या ११ दशमलव ५४ प्रतिशत (२,२२१) छ । हिंसापीडित दलित समुदायका बालिकाको सङ्ख्या १९ दशमलव ४४ प्रतिशत छ ।

राष्ट्रिय महिला आयोगमा अभिलेख भएका घटनामध्ये ११ दशमलव ३४ प्रतिशत दलित महिलासँग सम्बन्धित छन् । राष्ट्रिय दलित आयोगमा दर्ता भएका ५८ घटनामध्ये ४६ दशमलव ५५ प्रतिशत घटना महिलामाथि हुने हिंसासँग सम्बन्धित छन् । ओरेक नेपालको अभिलेख अनुसार त हिंसापीडित महिलामा दलित महिलाको सङ्ख्या २७ प्रतिशत छ । इन्सेकको अभिलेखमा पनि दोस्रो बढी हिंसामा पर्ने महिलामा दलित छन् । अभिलेखमा सबैभन्दा बढी २६ प्रतिशत आदिवासी जनजाति महिला हिंसामा पर्दा दलित महिला २२ दशमलव ५८ प्रतिशत पीडित भएका छन् । अन्य निकायको अभिलेखमा पनि करीब यस्तै अवस्था देखिन्छ । जनसङ्ख्याको हिसाबले दलित महिला अत्यधिक हिंसामा पर्ने गरेको तथ्याङ्कले देखाउँछ ।

यस्तै, प्रहरीको अभिलेखमा सबैभन्दा बढी हिंसा हुने प्रदेशमा मधेस (३१.५३ प्रतिशत) छ भने कम हिंसा हुनेमा गण्डकी (३.६८ प्रतिशत) रहेको छ । लुम्बिनीमा १६ दशमलव ८८, काठमाडौं उपत्यकामा १४ दशमलव ४३, कोशीमा ११ दशमलव १५, बाग्मतीमा आठ दशमलव ८७, सुदूरपश्चिममा सात दशमलव ५५ र कर्णाली प्रदेशमा पाँच दशमलव ८६ प्रतिशत हिंसाका घटना अभिलेख भएको पाइयो । महिला आयोगमा भने बाग्मती प्रदेश (९१.३२ प्रतिशत), फेडोको तथ्याङ्कमा लुम्बिनी प्रदेश (३४.९३ प्रतिशत)मा बढी हिंसाका घटना अभिलेखन भएका छन् ।

**मिडिया औपचारिकतामैं सीमित**

समाजमा जघन्य अपराध भइरहँदा मिडिया भने सामान्य औपचारिक तथा भाषणजन्य विषयमैं रुमलिरहेका देखिन्छन् । अध्ययनमा अघिल्लो वर्ष महिला हिंसाविरुद्धको १६ दिने अभियानलाई लक्षित गरी १० वटा सञ्चारमाध्यमका ४५९ विषयवस्तुको विश्लेषण गरिएको थियो । तीमध्ये महिला तथा बालबालिकाका समस्या र सफलतासँग जोडिएका विषयवस्तु ३७ र जानकारीमूलक तथा भाषणजन्य विषय १८ प्रतिशत छन् । यी दुवैको प्रकृति उस्तै भएकाले करीब ५५ प्रतिशत विषय औपचारिक घटनाक्रम र गतिविधिमा आधारित रहेको पाइयो ।

यसबाहेक घरेलु हिंसाजन्य गतिविधिका २०, विभेद तथा जातीय विषय ११, हत्या, मृत्यु, पक्राउजन्य विषय नौ, मानव बेचबिखन तथा पक्राउ तीन र बलात्कार, बलात्कार प्रयास तथा पक्राउसँग सम्बन्धित दुई प्रतिशत समाचारहरू प्रकाशन भएका देखिए ।

**सरोकारवालाको चिन्ता**

सबैजसो अध्ययनले महिला हिंसाको मूल स्रोत नै परिवार हो भन्ने देखाएपछि सरोकार भएकाहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् । राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुली अधिकांश महिला र बालिका घरमैं सुरक्षित नहुने अवस्थाले सबैलाई गिज्याइरहेको बताउँछिन् । उनले हिंसा शक्ति, सामर्थ्य, संरचनागत व्यवस्था र पितृसत्तात्मक सोचको उपज भएकाले हरेक व्यक्ति यसका विरुद्ध जागरूक हुनुपर्ने धारणा राख्छिन् । "हिंसा संरचनात्मक सांस्कृतिक विभेदसँग जोडिएको छ । यसबाट कुनै समुदाय र क्षेत्रका महिला तथा बालिका अलग छैनन् । अभिलेखमा आउने, उजूरी गर्ने भनेको त कुनै पनि हिसाबले घटना दबाउन नसकेपछि मात्रै हो । महिलाले हिंसाको प्रतिकार गर्नु भनेको घर छोड्नु हो, घर छोडेपछि कहाँ जाने भन्ने डरले धेरै घटना बाहिर आउँदैनन् । अब हिंसाको मूल स्रोतका रूपमा रहेको परिवारलक्षित गतिविधिमा जोड दिनुपर्ने देखियो," अध्यक्ष पराजुली भन्छिन् ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा हिंसा न्यूनीकरणका लागि थुप्रै प्रयास भएपनि सामाजिक र पारिवारिकरूपमा जकडिएर रहेको गलत सोच र संस्कारले समस्या सिर्जना गरिरहेको बताउँछन् । यसका लागि अब हिंसाको अवस्था विश्लेषण गरी सबैले मर्यादित र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको रक्षाका लागि काम गर्नुपर्ने उनको सुझाव छ । "आम नागरिकको सुरक्षाको प्रमुख दायित्व भएको सरकार र सरकारी निकायको भएकाले यसमा सबैलाई समेटेर सरकारले नेतृत्वदायी भूमिका निर्वाह गरी हिंसा न्यूनीकरणका कदमलाई प्रभावकारी बनाउनुपर्छ," अध्यक्ष विश्वकर्माको भनाइ छ ।

वरिष्ठ अधिवक्ता मीरा ढुङ्गाना विभिन्न अध्ययनले देखाएका हिंसासम्बन्धी तथ्य र निष्कर्ष अनुसार सबै निकायले आआफ्नो दायित्व पूरा गर्नुपर्नेमा जोड दिन्छिन् । पछिल्लो समय वैवाहिक बलात्कार, बालिकामाथि बलात्कार र कार्यस्थलमा हुने हिंसाका सम्बन्धमा पनि आवश्यक अध्ययन गरी सो अनुसार क्रियाकलाप सञ्चालन गर्न उनको आग्रह छ । अध्ययनका क्रममा ओरेक नेपालकी अध्यक्ष सविता पोखरेल भन्छिन्, "सामाजिकरूपमा रहेको संरचनागत विभेदकारी दृष्टिकोण नफेरिंदा महिलाहरू प्रताडित हुनुपरिरहेको छ । नागरिक तहमा रहेको पितृसत्तात्मक सोच र व्यवहारले हिंसाका घटना बढिरहेकाले तिनको न्यूनीकरणका लागि व्यक्ति र परिवारलाई लक्षित गरी बृहत् अभियान सञ्चालन गरिनुपर्छ ।"

फेडोकी संस्थापक दुर्गा शोव नेपालमा सबैभन्दा बढी कुन समुदाय र क्षेत्रका महिला हिंसामा पर्छन् भनेर अहिले पनि व्यवस्थित अध्ययन हुन नसकेकाले हस्तक्षेपकारी कदम चाल्न नसकिएको बताउँछिन् । "अध्ययनले महिलामा मधेसी, बालिकामा जनजाति, क्षेत्रगत हिसाबले मधेस र थोरै जनसङ्ख्या भएर पनि धेरै हिंसामा पर्ने भनेर दलित महिला तथा बालिकालाई देखाउँछ । हरेलु हिंसाबाट धेरै पीडित भइरहेको अध्ययनले देखाउँछन् तर तथ्य एकातिर, समस्या सम्बोधनका लागि हुने क्रियाकलाप अर्कैतिर केन्द्रित भइरहेका छन्" उनी भन्छिन्, "यसो हुँदा समस्या कायमै छ । अब समस्या र आवश्यकतालाई सम्बोधन गर्नेगरी नीति, रणनीति, बजेट र कार्यक्रम तय गर्नुपऱ्यो ।"

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मीना पौडेल पनि अब एकीकृतरूपमा सबैजसो अध्ययनले औंल्याएका समस्या सम्बोधनका लागि सरकारले काम गर्नुपर्ने र त्यसमा आफ्नो मन्त्रालयले आवश्यक कार्यक्रम अगाडि बढाउने बताउँछन् । नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष शिव गाउँले आवाजविहीनको आवाज भनिएको सञ्चार क्षेत्रले महिला तथा बालिका हिंसाका मुद्दालाई औपचारिकतामा सीमित नराखी विधागत पत्रकारिताको महत्त्वपूर्ण पक्ष बनाउनुपर्ने बताउँछन् । "विधागत पत्रकारिताको अभ्यास नहुँदा सञ्चार क्षेत्रका धेरैजसो विषयवस्तु घटनामा आधारित छन् । अब सञ्चारगृह आफैं र अन्य सरोकारवाला निकायसमेतको सहकार्यमा समावेशी विषयवस्तुको उठानका लागि लगानी बढाउनुपर्छ ।"

सञ्चारविज्ञ डा कुन्दन अर्याल पछिल्लो समय हिंसा गर्ने र प्रमाण नष्ट गर्नका लागि ज्यान लिने प्रवृत्ति निकै डरलाग्दो गरी बढिरहेकामा चिन्ता व्यक्त गर्छन् । त्यसैले दण्डहीनता अन्त्य गरी सबैका लागि सुरक्षित वातावरण निर्माण गर्न तीनै तहका सरकार र सबै सरोकार भएका निकाय गम्भीर भएर अगाडि बढ्नुपर्ने उनको भनाइ छ ।

# राष्ट्रियस्तरको कोडिङ प्रतियोगिता सम्पन्न

प्रस, वीरगंज, २५ मङ्सिर/

कक्षा २ देखि ९ सम्मका विद्यार्थीलाई लक्षित गरी आयोजित राष्ट्रियस्तरको



कोडिङ प्रतियोगिताको दोस्रो चरण सम्पन्न भएको छ।

नेपालको अग्रणी आइटी तालीम प्रदायक दूरशिक्षाले डिस्कभरी एजुकेशन नेटवर्क युके र एडुटेकको सहकार्यमा आयोजना गरेको यस चरणमा ८० विद्यार्थीले भौतिकरूपमा उपस्थित भएर प्रतिस्पर्धा गरेका थिए। जसमध्ये विभिन्न विधाबाट नौजना विद्यार्थी आगामी फेब्रुअरीमा युकेमा हुने ग्लोबल कम्पिटिशनका लागि छनोट भएका छन्।

ग्लोबल कम्पिटिशनमा छानिएका नेपाली विद्यार्थीहरूले अब भारत, हङकङ, मिडल इस्ट, युके, अमेरिका, अस्ट्रेलियालगायत देशका सहभागीसँग प्रतिस्पर्धा गर्नेछन्।

दोस्रो चरणको कोडिङ प्रतियोगिताको उद्घाटन सूचना प्रविधि विज्ञ डा राजीव पाण्डे सुब्बाले गरेका थिए। उनले प्रतियोगिताले बालबालिकाको तार्किक सोच, समस्या समाधान क्षमता र डिजिटल सीपलाई प्रोत्साहित गर्ने विश्वास व्यक्त गरे।

४०० भन्दा बढी विद्यार्थीले अनलाइनबाट परियोजना पठाएकामा भौतिक प्रतिस्पर्धामा ८० जना छानिएका थिए। विद्यार्थीहरूले अत्यन्तै प्रभावकारी प्रोजेक्ट तयार पारेको दूरशिक्षाका प्रमुख कार्यकारी अधिकृत कृष्ण पाण्डेले बताए। उनले प्रतियोगिताले सहभागीहरूलाई कोडिङ सीप सुधार्न र समस्याहरूको समाधान गर्ने कुशलता अभिवृद्धि गर्न मदत पुऱ्याएको र उत्कृष्ट प्रतियोगीलाई विश्वमञ्चमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गरेको बताए।

प्रतियोगितामा कक्षा २–४ का विद्यार्थीहरूले जुनियर ब्लक–आधारित कोडिङ, कक्षा ५ का विद्यार्थीहरूले सिनियर ब्लक–आधारित कोडिङ र कक्षा ६–९ सम्मका विद्यार्थीहरूले पाइथनमा आधारित रही विभिन्न थिममा प्रोजेक्ट तयार गरेका थिए।

कार्यक्रममा गर्ल्स हु कोड अभियान समेत सञ्चालन गरिएको थियो, जसले छात्राहरूको सहभागिता अभूतपूर्वरूपमा बढाएको आइसिटी फ्रेमकी अध्यक्ष मीना अर्यालले बताइन्। उनले दोस्रो चरणको प्रतिस्पर्धामा ५० प्रतिशतभन्दा बढी छात्राको उपस्थिति रहेको जानकारी गराएकी छन्।

प्रतियोगिताले बालबालिकाको समस्या समाधान, रचनात्मकता र डिजिटल साक्षरताको विकासमा ठूलो योगदान दिएको भन्दै अभिभावकहरूले खुशी व्यक्त गरेका थिए। बालबालिकाको डिजिटल सीपको विकास गर्न र प्रविधिमा करियर शुरू गर्ने अवसर दिन प्रतियोगिता महत्त्वपूर्ण हुने आयोजकले विश्वास लिएको छ।

## १८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २५ मङ्सिर/

सञ्जीवनी डाइग्नोस्टिक सेन्टर, वीरगंज–४ बिर्तामा मङ्गलवार आयोजित



रक्तदान कार्यक्रममा १८ जनाले रक्तदान गरेका छन्।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले राजु कुशवाहा, मनोज चौधरी, सुमन कहार, लालबाबु राम, हृदयनारायण राउत, नुरूल हसन अन्सारीलगायतले रक्तदान गरेको बताए।

## ७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसमा दीप प्रज्वलन

प्रस, वीरगंज, २५ मङ्सिर/

७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मङ्गलवार वीरगंजमा मनाइएको छ। दिवसको अवसरमा एम्नेस्टी इन्टरनेशनल नेपाल ग्रुप–१६ वीरगंजको आयोजनामा वीरगंज महानगरपालिका,



माइती नेपाल, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा, आफन्त नेपाललगायतका संस्थाहरूको सहभागितामा वीरगंज–१० आदर्शनगरस्थित ग्रीनसिटी सामुदायिक सेवा केन्द्र र घण्टाघरमा दीप प्रज्वलन गरिएको थियो।

एम्नेस्टी इन्टरनेशनल नेपाल ग्रुप–१६ वीरगंजका अध्यक्ष प्रकाश बाहेतीले प्रत्येक वर्ष डिसेम्बर १० का दिन यो दिवस संसारभरि मनाइने गरेको बताए। उनले सन् १९४८ मा संयुक्त राष्ट्रसङ्घको महासभाले मानव अधिकार घोषणापत्र पारित गरेको ऐतिहासिक दिनको सम्झनामा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइँदै आएको बताए।

कार्यक्रममा एम्नेष्टी इन्टरनेशनल नेपाल ग्रुप–१६ का संयोजक राजेश जैन, सचिव रजनीश झा, कार्यकारी सदस्य सुनील महतो, बृजेश टेमानी, नरेश साह, विजय साहलगायतको सहभागिता थियो।


## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

> महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
> हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
> उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

आफन्त, नातेदार, छिमेकी, साथीभाइ वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## लुम्बिनी लायन्सको जीत

काठमाडौं, २५ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत मङ्गलवार भएको पहिलो खेलमा लुम्बिनी लायन्स चितवन राइनोजलाई पराजित गर्दै विजयी भएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा कप्तान रोहितकुमार पौडेलको 'अलराउन्ड' प्रदर्शनमा लुम्बिनी लायन्सले चितवन राइनोजलाई ३३ रनले पराजित गर्दै विजयी भएको हो। प्रतियोगितामा लुम्बिनीको यो पहिलो जीत हो।

लुम्बिनीले दिएको १६८ रनको लक्ष्य पछ्याएको चितवनले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १३४ रन मात्र




जोड्न सक्यो। चितवनका लागि ल्युक बेनकेनस्टनले सर्वाधिक ३१ रन बनाए। त्यस्तै, कप्तान कुशल मल्लले १७ बलमा एक चौका र एक छक्काको सहयोगमा २० रन जोडे।

त्यस्तै, रवि बोपाराले १६ बलमा १२ रन बनाए। लुम्बिनीका लागि कप्तान पौडेलले चार विकेट लिए भने रामोन सिमोन्ड्सले दुई तथा साद विन जाफर र अभिषेक गौतमले समान एक/एक विकेट लिए।

त्यस अघि टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १६७ रनको योगफल बनाएको थियो। लुम्बिनीका लागि कप्तान रोहितले सर्वाधिक ८० रन जोडेका थिए। उनले ६८ बलमा छ चौका र पाँच छक्का प्रहार गरेका थिए। यसैगरी, साद बिन जफरले ३५ बलमा चार चौका र एक छक्काको मदतले अविजित ५२ रन बनाए। त्यस्तै, अर्जुन साउदले १५ र टोम मुर्सले १० रन बनाए।

चितवनका लागि रिजन ढकालले तीन तथा कप्तान कुशल मल्ल र रञ्जीत कुमारले समान एक विकेट लिए। पहिलोपटक अङ्क पाएको लुम्बिनी पाँचौं स्थानमा उक्लिएको छ। यस अघि लुम्बिनी विराटनगर किङ्ग्स, पोखरा एभेन्जर्स, सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्ससँग पराजित भएको थियो।

चितवनले भने पाँच खेलमा तीनमा जीत र दुईमा हारसहित तेस्रो स्थानमा छ। चितवनले जीतका साथ शीर्ष स्थानमा उक्लिने अवसर गुमाएको छ। सुरुआती दुई खेल जितेको चितवन तेस्रो खेलमा भने पराजित भएको थियो। काठमाडौं र पोखरालाई पराजित गरेको चितवन कर्णालीसँग हारेको थियो। पछिल्लो खेलमा भने चितवनले सुदूरपश्चिम रोयल्सलाई पराजित गरेको थियो। शतप्रतिशत जीतका साथ जनकपुर बोल्ट्स शीर्ष स्थानमा छ।

## कर्णालीको तेस्रो जीत, पोखरा सात विकेटले पराजित

काठमाडौं, २५ मङ्सिर/रासस

एनपिएलको आजको दोस्रो खेलमा कर्णाली याक्सले पोखरा एभेन्जर्सलाई सात विकेटले हराएको छ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा भएको दोस्रो खेलमा पोखराले दिएको १०४ रनको लक्ष्य पछ्याएको कर्णालीले १५ ओभरमा तीन विकेट गुमाएर पूरा गऱ्यो।


तस्वीर : सौजन्य (अनलाइन खबर)

कर्णालीका लागि गुलशन झाले अविजित ४९ रन बनाए। यस्तै, चाडविक वाल्टन ४२, बाबर हायातले सात र विलियम बोसिस्टोले दुई रनको योगदान दिए। कर्णालीले अतिरिक्त छ रन प्राप्त गऱ्यो।

पोखराका लागि विपिन खत्री, सागर ढकाल र कुशल भुर्तेलले समान एक/एक विकेट लिए। कर्णालीको यो तेस्रो जीत हो। जारी एनपिएलमा पाँच खेल खेलेको कर्णाली यस अघि दुई खेलमा पराजित भइसकेको छ।

त्यस अघि टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय लिएको पोखराले १६ दशमलव तीन ओभरमा सबै विकेट गुमाएर १०३ रन बनाएको थियो।

पोखराको लागि दिनेश खरेलले सर्वाधिक २६ रन बनाए। उनले १९ बलमा एक छक्का र चार चौका प्रहार गर्दै २६ रन बनाएका थिए।

एन्ड्रिज गौसले २५, रेमन रेफरले २०, कप्तान कुशल भुर्तेल र विपिन खत्रीले समान १०/१० रन बनाए।

यस्तै, दिलीप नाथले तीन, माइकल लिस्कले दुई, नारायण जोशी र आकाश चन्दले समान एक/एक रनको योगदान दिए। पोखराले अतिरिक्त पाँच रन प्राप्त गऱ्यो।

कर्णालीको लागि विलियम बोसिस्टोले सर्वाधिक छ विकेट लिए। यस्तै, कप्तान सोमपाल कामी, विपिन शर्मा र युनिश ठकुरीले समान एक/एक विकेट हात पारेका थिए। पोखराको यो तेस्रो हार हो। जारी एनपिएलमा चार खेल खेलेको पोखराले एक खेल मात्रै जितेको छ।

## यू–१९ एशिया कपका लागि टोली घोषणा

काठमाडौं, २५ मङ्सिर/रासस

एसिसी महिला यू–१९ एशिया कपका लागि नेपाली टोली घोषणा गरिएको छ। नेपाल क्रिकेट सङ्घ (क्यान)ले सोमवार एसिसी महिला यू–१९ एशिया कप खेल्ने नेपाली टोली घोषणा गरेको हो।

पूजा महतोको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरिएको हो। टोलीको उपकप्तानमा सोनी पाख्रिन तथा अन्य खेलाडीमा साना परवीन, ज्यात्स्निका मरासिनी, कुसुम गोदार, एलिशाकुमारी यादव, सावित्री धामी, कृष्मा गुरुङ, तिर्सना विश्वकर्मा, किरणकुमारी कुँवर, रिया शर्मा, रचना चौधरी, सिमाना केसी, स्नेहा महरा र अनु कडायत छन्।

महिला यू–१९ एशिया कप यही मङ्सिर ३० देखि आगामी पुस ७ गतेसम्म मलेशियामा हुँदैछ। गत कात्तिकमा युनाइटेड अरब इमिरेट्स (युएई)मा भएको आइसिसी यू–१९ महिला टी–२० विश्वकपको एशिया छनोटको अन्तिम खेलमा युएईलाई आठ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको थियो। सोही प्रतियोगिताबाट नेपालले एशिया कपमा पनि स्थान बनाएको हो।